# उद्यमशीलता विकासमा
# बजारको भूमिका

आर्थिक विकास पाकेट बुक संग्रह
२०११

समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन
काठमाण्डौ, नेपाल

**प्रकाशक :**

**समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन**
४१६, भिमसेनगोला मार्ग, मीनभवन खरिबोट,
पोष्ट बक्स नम्बर : ८९७३, एन. पी. सी. ६७८
काठमाडौं, नेपाल

फोन नं. : (९७७)-१-४४६-४६१६, ४४८-४०१६
फ्याक्स : (९७७)-१-४४८-५३९१

ईमेल : info@samriddhi.org
वेबसाइट : www.samriddhi.org

**डिजाइन र लेआउट :**
समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन

**कभर फाटो :** गोविन्द सिवाकोटी

**प्रथम संस्करण :** मार्च, २०११
**द्वितीय संस्करण :** जनवरी, २०१२*

***नेपाल उद्योग वाणिज्य महासंघको सहयोगमा प्रकाशित**

समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन

नेपाल उद्योग वाणिज्य महासंघ

# विषयसूची


परिचय ५
- उद्यमी र व्यापारी बीच भिन्नता ७

समाजमा उद्यमीको महत्व ११
- आर्थिक दृष्टिकोण ११
- सामाजिक दृष्टिकोण १२
- राजनीतिक दृष्टिकोण १४

उद्यमशीलतालाई प्रोत्साहन दिने आदर्श बजार कस्तो हुन्छ ? १५

अनौपचारिक अर्थतन्त्र र उद्यमशीलता २५

उद्योग निर्माणको अवधारणा २९

नेपालका चुनौतीहरु ३१

उद्यमशीलतता र गरिबी ४५

नेपालका लागि सम्भावना ४९
- कृषि क्षेत्रमा रहेका सम्भावनाहरु ४९
- साना तथा घरेलु उद्योगहरुका केहि सम्भावना ५६
- जलविद्युतमा रहेका सम्भावनाहरु ५९
- पर्यटन क्षेत्रमा रहेका सम्भावनाहरु ६०

सन्दर्भ सामग्री ६३

नेपाल उद्योग वाणिज्य महासंघ ६५

समृद्धि, द प्रोस्पिेरिटी फाउण्डेशन ६९

१

# परिचय

वर्तमान समयमा उद्यमशीलतालाई निकै व्यापक अर्थमा परिभाषित गरिन्छ । यसको परिभाषागत व्यापकताले कहिलेकाहीं उद्यमशीलताको सही अर्थलाई आघात पुऱ्याइरहेको पनि पाइन्छ। उद्यमीको परिभाषाले कुनै व्यापार सञ्चालन गर्ने स्वरोजगार व्यक्ति देखि लिएर अत्यन्त दक्ष र परिवर्तनको संवाहक तथा थोरै व्यक्तिहरूमा मात्र हुने विशेष खालको सीपले युक्त भन्ने अर्थसम्मको व्यापकतालाई ग्रहण गरेको छ । परिभाषाहरू जुन रूपमा गरिए पनि सबै उद्यमीहरूमा पाइने केही साझा गुणहरू भनेका लगनशीलता, नयाँ परिवर्तन ल्याउने क्षमता र दूरदर्शिता नै हुन् । अर्थशास्त्रीहरू उद्यमीलाई समाजमा नवीनतम वस्तु तथा सेवाको उत्पादन गर्ने वा वस्तु तथा सेवाको उत्पादन गर्ने नवीन पद्धतिहरू पत्ता लगाई त्यसैमा आधारित भएर आफ्नो उद्यम सञ्चालन गरेर धन अभिवृद्धि गर्ने काममा प्रतिभावान् तथा सिर्जनशील व्यक्तिका रूपमा परिभाषित गर्छन् ।

यस सन्दर्भमा उद्यमीको परिभाषाले अत्यन्त वृहत् र व्यापक अर्थ धारण गर्दै गइरहेको छ । तसर्थ,

हामीहरूले विभिन्न किसिमका उद्यमीबीचको भिन्नताबारे ज्ञान राख्नु जरुरी हुन्छ । हाम्रो प्रयोजनका लागि, उद्यमशीलता त्यस्तो स्रोत तथा प्रक्रिया हो, जसका माध्यमबाट व्यक्तिहरूले बजारमा रहेका अवसरहरूलाई उद्यमको नयाँ पद्धतिमार्फत् सदुपयोग गर्दछन भनेर बुझ्न उपयुक्त हुन्छ होला ।" एउटा स्रोतका रूपमा हेर्दा उद्यमशीलतालाई नवीनतम आविष्कार, जोखिमको बहन र क्रय विक्रयका रूपमा परिभाषित गर्न सकिन्छ भने यसलाई एउटा प्रक्रियाका रूपमा लिँदा उद्यमको प्रारम्भदेखि, सञ्चालन र उद्योगलाई बन्द गर्दासम्मको प्रक्रियालाई उद्यमशीलता भन्न सकिन्छ ।

उद्यमशीलताको मापनका लागि प्रायः स्वरोजगारी दर, व्यवसायमाथिको स्वामित्वको दर र नयाँ व्यवसाय स्थापनाको दरलाई आधारका रूपमा लिइन्छ । अन्तर्राष्ट्रिय श्रम सङ्गठनले विभिन्न देशको स्वरोजगारी दर प्रकाशित गर्ने गर्दछ । त्यसै गरी विश्वव्यपी उद्यमशीलता निर्देश (Global Entrepreneur Monitor)ले विभिन्न देशहरुको (हालसम्म कूल ६० देशमात्र) नयाँ उद्यमको स्थापना दरसम्बन्धी तथ्याङ्क प्रकाशित गर्ने गर्दछ । विश्वव्यपी उद्यमशीलता निर्देशले उद्यमशीलताको कारणका आधार मा विभिन्न उद्यमीहरूको वर्गीकरण पनि गर्ने गर्छ । यस

संस्थाले उद्यमशीलताको कारणलाई "आवश्यकता" उद्यमी र "अवसर" उद्यमी भनि वर्गीकृत गरेको छ । जसमा "आवश्यकता" उद्यमीहरूमा ज्याला वा रोजगारीको अभावले गर्दा स्वरोजगार बनेका उद्यमीहरू पर्दछन् भने "अवसर" उद्यमीअन्तर्गत बजारमा अवसर देखेर स्वेच्छाले स्वरोजगार बनेका उद्यमीहरू पर्दछन् ।

## उद्यमी र व्यापारीबीचको समानता र भिन्नता

| **व्यापारी** (Businessman) | **उद्यमी** (Entrepreneur) |
| --- | --- |
| व्यापार वा उद्यमको मालिक | व्यापार वा उद्यमको मालिक |
| नेतृत्व क्षमता हुनु जरुरी छैन | नेतृत्व क्षमता हुनु आत्यावश्यक छ |
| प्रायः परम्परागत व्यवसाय | नयाँ खालको व्यावसाय |
| नाफाद्वारा प्रेरित | आफ्नो परिकल्पनाद्वारा प्रेरित शुरो र महत्वाकाङ्क्षी |
| प्रायः जोखिम उठाउन नखोज्ने | जोखिम उठाउन पछि नपर्ने |

माथिको तालिकाले देखाएझैं उद्यमी र व्यवसायीबीच केही समानताका अतिरिक्त भिन्नताहरू पनि

छन् । उद्यमीको प्रमुख विशेषता भनेको नयाँ खालको व्यवसाय, नयाँ किसिमको वस्तु वा सेवा उत्पादन गर्नु वा वस्तु वा सेवा उत्पादन गर्ने नयाँ पद्धति पत्ता लगाउनु हो । कुनै पनि अर्थतन्त्रमा उद्यमीको भन्दा व्यापारीको सङ्ख्या धेरै हुन्छ । रोजगारी सिर्जना गर्न र जीवनस्तरमा सुधार ल्याउन व्यापारी र उद्यमी दुवैको महत्व समान हुने भए तापनि उच्चस्तरको आर्थिक वृद्धिका लागि भने उद्यमीको भूमिका महत्वपूर्ण र अपरिहार्य हुन्छ ।

उद्यमीहरूले गरिबी निवारण र आर्थिक वृद्धिमा ठूलो भूमिका खेल्छन् । विशेषत: हाम्रो जस्तो निम्न आयमा आधारित परम्परागत अर्थतन्त्रलाई आधुनिक अर्थतन्त्रतर्फ लैजान चाहिने संरचनात्मक रूपान्तरणका लागि त उद्यमीहरू (साना र ठूला दुवै) अपरिहार्य हुन्छन् । उद्यमीहरूले घरपरिवारभन्दा बाहिर नयाँ व्यवसाय स्थापना गरेर, परम्परागत क्षेत्रमा रहेका अतिरिक्त श्रमशक्तिलाई त्यस्ता नयाँ व्यवसायमा समाहित गराएर, उपभोग्य वस्तु उत्पादन गर्नका लागि आवश्यक कच्चापदार्थ उपलब्ध गराएर, बढ्दो उत्पादनमा विशिष्टिकरण ल्याएर र आधुनिक तथा परम्परागत दुवै क्षेत्रमा उत्पादकत्व वृद्धि गरेर अर्थतन्त्र उकास्न मद्दत गरिरहेका हुन्छन् ।

विभिन्न अध्ययनहरूको निष्कर्षअनुसार प्रायः विकासोन्मुख देशमा साना तथा मझौला उद्योगमार्फत् रोजगारीमा हुने वृद्धि महत्वपूर्ण हुन्छ । धेरैजसो विकासोन्मुख देशहरूमा स्वरोजगारीबाट हुने कमाइ औपचारिक क्षेत्रको भन्दा बढी हुन्छ । चीनमा साना तर निजी उद्यमीहरूको सङ्ख्यामा भएको तीव्र वृद्धिले उच्च आर्थिक वृद्धिदर र गरिबी न्यूनीकरणमा ठूलो योगदान पुऱ्याइरहेको छ । त्यसैगरी, विकासोन्मुख देशका कृषि क्षेत्रमा साना उद्यमीहरूले नयाँ प्रविधिको आविष्कार तथा त्यस प्रविधिको अनुशरण द्रुत गतिमा गर्ने गरेको तथ्य पनि विचारणीय छ । विकासोन्मुख देशका प्रायःजसो साना तथा मझौला उद्योगमा महिलाको स्वामित्व हुने भएकाले उद्यमशीलताको प्रवर्द्धनले महिला सशक्तिकरणमा पनि ठूलो भूमिका खेलेको पाइन्छ ।

# २

# समाजमा उद्यमीको महत्व

समाजमा रहेका उद्यमीहरूको महत्व केवल वस्तुको उत्पादन र अर्थोपार्जनका सन्दर्भसँगमात्र सीमित रहेको हुँदैन । समाजमा उद्यमीहरूको महत्वको बहुआयामिक पाटोलाई विभिन्न कोणबाट व्याख्या तथा विश्लेषण गर्न सकिन्छ :

## आर्थिक दृष्टिकोण

उद्यमीहरू कुनै पनि अर्थतन्त्रका उत्प्रेरक पक्ष हुन् । उनीहरूले उत्पादनका विभिन्न साधनहरू जस्तै पूँजी, श्रम तथा अन्य स्रोतहरूलाई सङ्कलन तथा संयोजन गर्ने काम गर्छन् । उनीहरूको यही कार्यका फलस्वरूप समाजले उपभोग गर्ने वस्तु तथा सेवाहरूको उत्पादन हुन्छ । कुनै पनि उद्यमबाट प्राप्त हुने नाफाको दरले उद्यमीलाई कुन स्रोतलाई कुन क्षेत्रमा उपयोग गर्ने र त्यसको उपयोग कसरी गर्ने भन्ने कुराको निर्क्योल गर्ने आधार प्रदान गर्दछ । कुनै पनि व्यवसायले कति नाफा कमाउँछ भन्ने कुरा उक्त उद्यममार्फत् उत्पादन गरिने वस्तु वा सेवा उपभोग गर्ने आम उपभोक्तामा भर पर्दछ । त्यसैले एउटा उद्यमीले त्यतिबेला मात्र नाफा प्राप्त गर्दछ जब उसले उपलब्ध

स्रोतहरूको प्रयोगबाट समाजलाई आवश्यक पर्ने वस्तुको उत्पादन गर्छ । समाजको आवश्यकता बुझ्न नसक्ने उद्यमीहरू आफ्नो उद्यम कार्यमा असफल हुन्छन् । त्यसैले उद्यमशीलतासँगसँगै जोखिम बहनको पक्ष पनि जोडिएर आउँछ । भनिन्छ, प्रत्येक सात नयाँ उद्योगमध्ये चार असफल हुन्छन्, जसका कारणले उद्यमीहरुले आफ्नो कमिज समेत गुमाउँछन् ।

उद्यमीबिना समाजमा उपलब्ध स्रोतहरू त्यतिकै खेर जान्छन् । त्यसैले आर्थिक दृष्टिकोणबाट हेर्दा उद्यमशीलताले समाजको आर्थिक वृद्धिलाई अगाडि डोर्‍याउँदछ। समाजमा उपलब्ध स्रोतहरूको प्रभावकारी विनियोजन र सर्वोत्तम उपयोगले नै समाजमा पूँजीको निर्माण हुन्छ, जसले अन्ततः उत्पादकत्वमा वृद्धि गराएर आर्थिक वृद्धिलाई अघि बढाउँदछ ।

## सामाजिक दृष्टिकोण

उद्यमीहरू नवप्रवर्तक पनि हुन् । उनीहरूले नयाँ वस्तु तथा सेवा पत्ता लगाउँछन् । यसका अतिरिक्त उनीहरूले वस्तु तथा सेवाको उत्पादन र वितरण गर्ने नयाँ तरिका पत्ता लगाउँदछन्, जसले समय र स्रोतको बचत गर्न पनि सहयोग गर्दछ। उद्यमीहरूको नवप्रवर्तनले अर्थतन्त्रलाई विस्तार गर्न र मानिसहरूको जीवनस्तर सुधार गर्न मद्दत गर्दछ ।

उद्यमीहरू स्वभावैले समस्याको समाधानकर्ता हुन्छन् । उनीहरूले समाजमा रहेका समस्यालाई अवलोकन गर्दै नवप्रवर्तनमार्फत् त्यस्ता समस्याको समाधान गर्ने प्रयास गर्दै आफ्नालागि नाफा पनि आर्जन गर्दछन् । यस अर्थमा सबैखाले उद्यमीले कुनै न कुनै रूपमा सामाजिक समस्या समाधान गरिरहेका हुन्छन् । तसर्थ उद्यमीमा सामाजिक समस्या समाधानकर्ताको भूमिका स्पष्टसँग झल्किन्छ ।

उद्यमीहरूले आफ्नो नवप्रवर्तनमार्फत् रोजगारी सिर्जना गरिराखेका हुन्छन् । उद्यमीहरूले केवल आफ्नो उद्यममा प्रत्यक्ष रूपमा जागिर दिएर मात्र नभई उक्त उद्योगले खपत गर्ने कच्चा पदार्थ आपूर्ति गर्ने उद्योगमा समेत रोजगारी सिर्जना गर्न सहयोग पुऱ्याउँदछन् ।

उद्यमशीलताले समाजमा शान्ति र सहिष्णुता प्रवर्द्धन गर्दछ । कुनै पनि एउटा उद्यमी र उपभोक्ताबीचको सम्बन्ध स्वैच्छिक विनिमयमा आधारित हुन्छ । राज्यको कानूनी संरचनाअन्तर्गत रहेर चल्ने स्वैच्छिक विनिमयको पद्धतिले विनिमय गर्ने पक्षहरूबीचसद्भाव बढाउने कार्य पनि गर्दछ ।

# राजनीतिक दृष्टिकोण

उद्यमीहरूले जनतालाई सशक्त बनाउने काम पनि गर्दछन् । उनीहरूले आफ्ना भिन्नभिन्न सामान तथा सेवाबाट उपभोक्ताको ध्यानाकर्षण गर्न खोज्दछन् । उपभोक्ताहरूसँग आफ्नो समस्या समाधानका लागि कुन सामान वा सेवा उपभोग गर्ने भन्ने छनौटको स्वतन्त्रता हुन्छ । यसबाट मानिसहरू प्रत्येक कुराका लागि सरकारमा निर्भर हुनुपर्ने बाध्यताबाट मुक्त हुन्छन् ।

समाजमा व्याप्त समस्याको समाधान गरेर र उक्त प्रक्रियामार्फत् सम्पत्ति आर्जन गरेर उद्यमीहरूले समाजका अन्य सदस्यहरूलाई पनि आफ्नो समस्या आफैं समाधान गर्न प्रेरित गर्दछन् । यसरी उद्यमीहरूले अप्रत्यक्ष रूपमा आत्मनिर्णयको अवधारणालाई पनि प्रोत्साहन गर्ने काम गरिरहेका हुन्छन् ।

समाजमा उद्यमीहरूले समाजको नेतृत्वकर्ता तथा पथप्रदर्शकको भूमिका पनि खेल्न सक्दछन् । एउटा उद्यमीले उत्पादनका विभिन्न साधनलाई सङ्कलन गरेर तिनको उचित संयोजनबाट वस्तु तथा सेवाको उत्पादन गर्दैगर्दा उद्यमीले आफूसँगकाम गरिरहेका सम्पूर्ण व्यक्ति तथा स्रोतहरूका लागि नेतृत्वदायी भूमिका निभाइरहेको हुन्छ ।

# ३ उद्यमशीलतालाई प्रोत्साहन दिने आदर्श बजार कस्तो हुन्छ ?

उद्यमशीलतालाई प्रोत्साहन दिने आदर्श स्वरूपको बजारमा निम्नलिखित गुणहरू हुनुपर्दछ :

१) **व्यवसायको स्वतन्त्रता** : उद्यमशीलतालाई प्रोत्साहन गर्नका लागि कुनै पनि व्यापार वा व्यवसाय शुरु गर्न, सञ्चालन गर्न र बन्द गर्न सहज र सरल हुनुपर्दछ। यसका लागि व्यवसाय दर्ता गर्दा, सञ्चालन गर्दा र बन्द गर्दा पालना गर्नुपर्ने नियमहरू, अपनाउनु पर्ने कदम र स्वीकृतिहरू सकेसम्म कम हुनुपर्दछ । यसका साथै ती कुराहरूमा समय र खर्च कम लाग्ने हुनुपर्दछ ।

२) **प्रतिस्पर्धात्मक बजार** : उद्यमशीलतालाई प्रोत्साहन गर्नका लागि बजार प्रतिस्पर्धात्मक हुनुपर्छ । कुनै पनि उद्यम वा व्यवसायमा नयाँ व्यक्तिले कुनै पनि बाधाव्यवधानबिना सजिलै प्रवेश गर्न र प्रतिस्पर्धा गर्न पाउनुपर्छ । यसका लागि बजारमा हुनसक्ने सम्भावित मिलेमतो (Cartailing), सिन्डिकेट र अन्य बाधाव्यवधानहरूलाई हटाउन जरुरी हुन्छ। कुनै पनि व्यवसाय वा क्षेत्रमा एकाधिकार

जमाउने वा एकाधिकारको संरक्षण गर्ने खालको नीति सरकारले अबलम्बन गर्नु हुादैन ।

**३) व्यापारमा स्वतन्त्रता** : उद्यमशीलतालाई प्रोत्साहन गर्नका लागि आफ्नो देशभन्दा बाहिरबाट पनि वस्तु तथा सेवाहरूको आयात गर्न वा अन्य देशहरूमा आफ्नो वस्तु तथा सेवाहरू निर्यात गर्न उद्यमी तथा उपभोक्ताहरू दुवै स्वतन्त्र हुनुपर्दछ । यसका लागि आयात अथवा निर्यातलाई निरुत्साहित पार्ने सम्भावना भएका करहरू हटाउनु पर्छ । यस कार्यले बजारमा प्रतिस्पर्धा बढ्ने, वस्तु तथा सेवाको मूल्य घट्ने एवम् वस्तु तथा सेवाको गुणस्तर वृद्धि हुने हुन्छ । आयातनिर्यातमा प्रतिबन्ध नभएमा र भन्सारको दर कम भएमा उद्यमीहरूलाई आफूलाई आवश्यक पर्ने कच्चापदार्थ प्राप्त गर्न सजिलो हुन्छ । त्यसैगरी यस कार्यले उपभोक्तालाई सामान वा सेवामा अझ बढी छनौट गर्ने अवसर प्राप्त हुन्छ ।

**४) न्यूनतम कर** : उद्यमशीलतालाई प्रोत्साहन गर्नका लागि प्रत्यक्ष तथा अप्रत्यक्ष करको दर न्यूनतम् राख्नुपर्छ । उच्च दरको करले उद्यमीहरूलाई उनीहरूको आयबाट वञ्चित गराउनुका साथै नवप्रवर्तन गर्ने काममा निरुत्साहित पनि गर्दछ । हुनतः प्राय व्यक्ति कर तिर्न मन पराउँदैनन् र त्यसमाथि

आफ्नो मेहनत, सिर्जनशिलता र आफूले बहन गरेको जोखिमलाई आफ्नो सफलताको श्रेय दिने उद्यमीहरू आफ्नो कमाइको ठूलो अंश सरकारले लगेको हेर्न चाहँदैनन् । त्यसै गरेर उच्च दरको करले गर्दा उद्यमीहरूको नाफाको दर कम भएर पुनःलगानीको चक्रमा कमी आउँदछ । जसले गर्दा अन्ततः उद्योग विस्तारको गतिलाई नै स्थिरतामा राख्दछ। त्यसै गरी उच्च दरको करले गर्दा आफ्नो कमाइको ठूलो हिस्साबाट सर्वसाधारणहरू वञ्चित भई उनीहरूको क्रयशक्तिमा ह्रास आउँछ । यसले गर्दा उद्योगधन्दा र वस्तु तथा सेवाको उत्पादनकार्य फस्टाउन पाउँदैन । तर सार्वजनिक वस्तु तथा सेवा, जस्तै सडक, सुरक्षा, राष्ट्रिय प्रतिरक्षा, कानूनी प्रणालीका लागि भने कर नउठाइ पनि हुँदैन । त्यसैले कुनै पनि उद्यममुखी समाजका लागि वस्तु तथा सेवाको उत्पादन र उपभोगलाई असर नपर्ने र उद्यमीहरू पनि निरुत्साहित नहुने गरेर करको दर निर्धारण गर्नु ठूलो चुनौतीका रूपमा रहन्छ ।

उद्यमशीलता प्रवर्धनको प्रयोजनका लागि आम्दानीमाथि प्रत्यक्ष कर लगाउनुभन्दा बिक्री कर वा सम्पत्ति कर लगाउनु उचित हुन्छ, किनकि आम्दानीमाथिको प्रत्यक्ष करले उद्यमीलाई बढी निरुत्साहित गर्दछ । त्यसैगरी बिक्री कर जस्ता करले

उपभोग गर्ने कार्यलाई निरुत्साहित गर्दै बचतलाई प्रोत्साहन गर्दछ, जुन आर्थिक वृद्धिका लागि अत्यावश्यक कुरा पनि हो ।

**५) लगानीको स्वतन्त्रता** : उद्यमशीलता प्रोत्साहनको महत्वपूर्ण पक्षका रूपमा लगानीको स्वतन्त्रता पनि रहेको हुन्छ । अर्थतन्त्रमा लगानीको स्वतन्त्रता भएमा स्वदेशी तथा विदेशी लगानीकर्ताहरूले सजिलै लगानी गर्न पाउँदछन् । यसले गर्दा उद्योगहरूबीच प्रतिस्पर्धा बढेर वस्तु तथा सेवाहरूको गुणस्तर वृद्धि हुने तथा मूल्य घट्ने हुन्छ । त्यसैगरी उद्यमशीलताको विकासका लागि अनिवार्य मानिने पूँजीको उपलब्धतामा पनि लगानीको स्वतन्त्रताले वृद्धि गराउँदछ । विदेशी लगानीसँगै विदेशी पूँजी र आधुनिक प्रविधि पनि भित्रिने भएकाले यसले उद्यमशीलता र अर्थतन्त्रमा ठूलो टेवा पुग्दछ ।

**६) सम्पत्तिमाथिको अधिकारको स्पष्ट व्याख्या र सुनिश्चितता** : विख्यात राजनीतिक अर्थशास्त्री हर्नान्डो डि सोटोले आफ्नो किताब “द मिस्ट्रि अफ द क्यापिटल”मा लेखेका छन् :

*तेस्रो विश्व र पूर्व साम्यवादी देशहरूका सहरहरूमा उद्यमीहरूको घुइँचो छ । तपाईं मध्यपूर्वी बजारमा*

हिड्दै हुनुहोस् या ल्याटिन अमेरिकाको कुनै एउटा गाउँमा पदयात्रा गर्दै हुनुहोस् अथवा मस्कोमा एउटा ट्याक्सी चढ्दै हुनुहोस्, जता भए पनि तपाईंसँग कसैले केही न केही विनिमय गर्न खोजिरहेको हुन्छ । यी देशका निवासीहरूसँग योग्यता छ, उत्सुकता छ र खासै केही नभए तापनि नाफा कमाउन सक्ने अचम्मको क्षमता छ । उनीहरू आधुनिक प्रविधि ग्रहण र प्रयोग गर्न सक्छन् ।

म र मेरो अनुसन्धान टोलीले सङ्कलन गरेका सत्य, तथ्य र गणनाका आधारमा म के पनि देखाउन चाहन्छु भने एशिया, अफ्रिका, मध्य-पूर्वी भाग र ल्याटिन अमेरिकामा एक भागबाट अर्को भागसम्म र एउटा कृषि क्षेत्रदेखि अर्को कृषि क्षेत्रसम्म धेरै जसो गरिबहरूसँग पूँजी उत्पादन गर्नसक्ने सम्पत्ति रहेको छ । सबैभन्दा गरिब मुलूकहरूमा पनि गरिबहरूले बचत गर्छन् । खासमा, गरिबहरूबीच बचतको मान्यता अत्याधिक छ - ई.सं १९४५ देखि विश्वभरिबाट पाइएको विदेशी सहायताभन्दा चालीस गुणा धेरै । उदाहरणका लागि, ईजिप्टमा गरिबले जम्मा गरेको धनको कूल मूल्य अहिलेसम्म त्यहाँ रेकर्ड गरिएको सबै प्रत्यक्ष विदेशी लगानी, सुएज नहर र अस्वान बााधसमेतको मूल्यको जोडभन्दा पचपन्न गुणा धेरै छ । ल्याटिन अमेरिकाको सबैभन्दा गरिब राष्ट्र हाईटीका गरिबको कुल धनसम्पत्ति फ्रान्सबाट

इ.सं १८०४ मा स्वतन्त्रता पाएदेखिको सबैखाले विदेशी लगानीको जोडभन्दा पचास गुणा धेरै छ । यदि अमेरिकाले आफ्नो विदेशी लगानीको बजेट संयुक्त राष्ट्र सङ्घले सिफारिस गरेअनुसारको तहसम्म बढाउने हो भने (राष्ट्रिय आयको ०.७ प्रतिशत) यस विश्वको सबैभन्दा धनी राष्ट्रलाई गरिबसँग पहिले देखि नै रहेको स्रोतलाई भेट्टाउन १५० वर्षभन्दा बढी लाग्छ ।

तर यी देशहरूसँग रहेका यस्ता स्रोतहरू त्रुटिपूर्ण अवस्थामा रहेका छन् : जस्तै : सही रूपमा निजीकरण नगरिएको जग्गामा रहेको घर, अपरिभाषित ऋण रहेको अव्यवस्थित व्यवसाय, अर्थशास्त्रीहरू र लगानीकर्ताहरूले नदेख्ने ठाउँमा रहेका उद्योगहरू । यी सम्पत्तिहरूको राम्रोसँग गणना नभएकाले यी सम्पत्तिहरूलाई तुरुन्तै पूँजीका रूपमा रूपान्तरण गर्न सकिँदैन । यहाँ मानिसहरू एक अर्कालाई चिन्ने र विश्वास गर्ने त्यस सीमित स्थानीय क्षेत्रभन्दा बाहिर व्यापार गर्न सकिँदैन, ऋणका लागि त्यस्तो सम्पति धितोको रूपमा प्रयोग गर्न सकिँदैन र लगानीको लागि एउटा भागको रूपमा प्रयोग गर्न सकिँदैन ।

त्यसैले उद्यमशीलता विकासका लागि सम्पत्तिको अधिकारसम्बन्धी स्पष्ट व्याख्या हुनु जरुरी छ । सम्पत्ति अधिकारको सुनिश्चितता नभएमा कुनै पनि उद्योग वा व्यवसायमा आफ्नो श्रम, समय र पूँजी

खर्च गर्ने प्रेरणा उद्योगीलाई रहँदैन । त्यसैगरी कुनै स्रोतको संरक्षण र सदुपयोग गरेर आएको प्रतिफल आफूले पाउने सुनिश्चितता नभएमा स्रोतको संरक्षण र सदुपयोग गर्न कुनै पनि व्यक्ति प्रेरित हुँदैन । यसले उद्यमशीलतालाई निरुत्साहित मात्र नपारी, भएको स्रोत तथा साधनको संरक्षण र संवर्द्धन पनि नहुने अवस्था निर्माण हुन्छ ।

**७) करार कानूनको कार्यान्वयन** : करार कानून भन्नाले कुनै दुई वा सोभन्दा बढी व्यक्ति वा पक्षबीच भएको सम्झौतालाई कार्यान्वयन गर्न चाहिने कानूनलाई बुझिन्छ । उद्यमीहरू आफूले अन्य पक्षहरूसँग गरेको सम्झौता कार्यान्वयन हुन्छ भन्ने कुरामा सुनिश्चित हुनु आवश्यक हुन्छ । करारहरू कार्यान्वयन नभएमा एउटा निष्पक्ष कानूनी प्रणालीद्वारा सम्बोधन हुन्छ भन्ने ज्ञात भएमा मात्र उद्यमीहरू अर्को पक्षसँग करार गर्न प्रोत्साहित हुन्छन् र करार कुनै पनि उद्यमको एउटा अभिन्न अङ्ग बन्न जान्छ । त्यसैले उद्यमशीलतालाई प्रोत्साहन गर्नका लागि स्वस्थ करार कानूनको प्रावधान र यसको प्रभावकारी कार्यान्वयन अत्यन्त जरुरी हुन्छ ।

**८) वित्तीय स्वतन्त्रता र पूँजीमाथिको सहज पहुँच** : पूँजीमाथिको पहुँच प्रायः व्यवसाय शुरु गर्नका लागि

वा विस्तार गर्नका लागि अत्यावश्यक आधार हो । बैंक तथा सहकारी जस्ता वित्तीय संस्थाहरूले बचत गर्ने व्यक्तिहरूबाट सङ्कलन गरेको पूँजी उद्यमी तथा खर्च गर्ने व्यक्तिहरूसम्म पुऱ्याउने काम गर्दछन् । त्यसैले कुनै पनि समाजको वित्तीय प्रणाली बजारको मागलाई सम्बोधन गर्न सक्ने र स्वतन्त्र हुनुपर्छ । वित्तीय क्षेत्रमा हुनसक्ने ठगी तथा जालसाजीबाट बचाउने संयन्त्र तथा कानून निर्माण गर्दै कार्यान्वयमा ल्याउनु सरकारको दायित्व हुन्छ तर वित्तीय संस्थाको लगानी र ऋण प्रवाहलाई निर्देशित वा प्रभावित पार्नुहुँदैन । वर्तमान समयका अधिकांश अर्थशास्त्रीहरू कुनै अर्थतन्त्रको आर्थिक वृद्धि केही हदसम्म त्यस अर्थतन्त्रका वित्तीय संस्थाहरूको परिपक्वता र सक्षमतामाथि भर पर्दछ भन्ने कुरामा एकमत भएका छन् । यस अर्थमा पनि वित्तीय संस्थाहरूको विकास एकदम महत्वपूर्ण हुन जान्छ । पूँजीमाथिको सहज पहुँच उद्यमशीलताका लागि कतिको महत्वपूर्ण हुन्छ भन्ने कुरालाई बङ्गलादेशको ग्रामीण बैंक तथा अन्य लघुवित्त संस्थाहरूले प्राप्त गरेको सफलताले पनि झल्काउँछ ।

**९) भ्रष्टाचार उन्मूलन :** भ्रष्टाचारले गर्दा आर्थिक सम्बन्धहरूमा असुरक्षा तथा अनिश्चितता उत्पन्न हुन्छ । भ्रष्टाचारयुक्त समाजमा सोझो तरिकाले काम गर्ने उद्यमीहरूभन्दा नातावाद, कृपावाद

प्रयोग गर्ने, घुस खुवाउने र प्रणालीको दुरूपयोग गर्न जान्ने व्यक्तिहरूको बढी प्रगति हुन्छ । यसले असल उद्यमीलाई निरुत्साहित पार्ने काम गर्दछ । त्यसैगरि भ्रष्टाचारले गर्दा विषेश गरी सरकारी काममा ढिलाई, कामको लागतमा वृद्धि हुने हुनाले उद्योगहरूको प्रभावकारितामा ह्रास आउँदछ । सरकारी नियमनहरू धेरै हुनाले, सरकारी अनुमति तथा लाइसेन्सहरू लिनुपर्ने प्रावधान हुनाले, सम्बन्धित कानून नहुनाले, सरकारी अधिकृतहरूको शक्ति सीमाबद्ध नहुनाले भ्रष्टाचारले प्रस्रय पाइरहेको हुन्छ । त्यसैले उद्यमशीलतालाई बढावा दिन चाहने समाजले भ्रष्टाचार उन्मुलनलाई प्राथमिकता दिनु अत्यन्त जरुरी हुन्छ ।

**१०) लचिलो श्रम नीति :** उद्यमशीलतालाई प्राथमिकता दिनका लागि श्रम नीति लचिलो हुनुपर्छ । लचिलो श्रम नीति भन्नाले कुनै पनि कामदारलाई सजिलै काममा भर्ती गर्न वा सजिलैसँग कामबाट बर्खास्त गर्न मिल्ने, मजदुरहरूलाई हिंसात्मक तथा जबर्जस्तीमूलक कार्यमा संलग्न हुनबाट रोक्ने खालको नीतिलाई बुझिन्छ । श्रमनीति लचिलो नभएमा उद्यमीहरू नयाँ कामदार भर्ती गर्न वा आफ्नो उद्योग विस्तार गर्ने कार्यप्रति निरुत्साहित हुन्छन् । अप्रभावकारी कामदारलाई निकाल्न कठिन हुने भएमा नयाँ कामदार भर्ती गर्न

कसैले चाहँदैन । त्यसैगरी, अप्रभावकारी, दक्षताहीन कामदार रोजगारीमा रहिरहनाले प्रभावकारी तथा दक्ष कामदारहरू रोजगारीको अवसरबाट वञ्चित हुन्छन् । कुनै पनि समाजको जीवनस्तर मुख्यत उक्त समाजका कामदारको उत्पादकत्वमा निर्भर रहन्छ। लचिलो श्रम नीतिको अभावमा श्रमको क्षेत्रमा प्रतिस्पर्धा हुन नपाई कामदारहरूमा आफ्नो सीप तथा उत्पादकत्वमा वृद्धि गर्ने उत्प्रेरणा नै निर्माण हुँदैन । यसरी खराब श्रम नीतिले उद्यमशीलतालाई मात्र नभएर समाजको जीवनस्तरमा नै नकारात्मक असर पार्दछ । त्यसैले, उद्यमशीलता प्रवर्धनका लागि लचिलो श्रम नीति आवश्यक हुन्छ ।

# ४

# अनौपचारिक अर्थतन्त्र र उद्यमशीलता

अनौपचारिक अर्थतन्त्र (Extralegal Economy) अन्तर्गत अर्थतन्त्रभित्रका ती आर्थिक क्रियाकलापहरू पर्दछन् जुन क्रियाकलाप एकल रूपमा स-सानो, अव्यवस्थित र राज्यको नियन्त्रणभन्दा बाहिर रहेर सञ्चालित भएका हुन्छन् । अनौपचारिक अर्थतन्त्रको विशेषता औपचारिक अर्थतन्त्रभन्दा नितान्त भिन्न हुन्छ। प्रत्येक अर्थतन्त्रको संरचनाभित्र औपचारिक र अनौपचारिक गरेर दुवै पक्ष हुन्छन् । अनौपचारिक अर्थतन्त्रभित्रका आर्थिक क्रियाकलापहरू प्रायः विकासोन्मुख देशहरूको अर्थतन्त्रको स्थायी र व्यापक हिस्साका रूपमा रहेको पाइन्छ, जसले रोजगारी, उत्पादन तथा आयआर्जनमा योगदान पुऱ्याइरहेको हुन्छ । नेपालको अर्थतन्त्रमा पनि औपचारिक अर्थतन्त्रको पाटोका तुलनामा अनौपचारिक क्षेत्रको पाटो अत्यन्त ठूलो छ। अनौपचारिक अर्थतन्त्र दर्ता नगरिएका र अव्यवस्थित उत्पादनले भरिपूर्ण छ र धेरै अनौपचारिक क्रियाकलापहरू राज्यले लिने करको दायराभन्दा बाहिर रहेका छन् । नेपाली अर्थतन्त्रको सबैभन्दा ठूलो भाग-कृषि, नै मुख्यतः अनौपचारिक आर्थिक क्रियाकलाप हुने किसिमको छ।

उद्यमशीलतालाई प्रवर्धन गर्नका लागि आवश्यक पर्ने माथि चर्चा गरिएका आधारहरूको निर्माण नभएको अवस्थामा उद्यमीहरू अनौपचारिक आर्थिक क्रियाकलापतर्फ लाग्न बाध्य भई अनौपचारिक अर्थतन्त्रको क्षेत्र फस्टाउँदछ । अनौपचारिक अर्थतन्त्र राज्यको कानूनी प्रावधान, पहिचान र सुरक्षाभन्दा बाहिर रहने हुनाले अनौपचारिक अर्थतन्त्रमा रहेका उद्यमी तथा कामदारको आर्थिक वृद्धिको सम्भावना अत्यन्त सीमित हुन्छ । सम्पत्तिमाथिको उचित अधिकारको अभावले गर्दा उद्यमीहरूसँग पूँजीमाथिको पहुँच हुँदैन र कानूनी सुरक्षा नहुने हुनाले उद्यमीहरू आफ्नो उद्योगमा लगानीको मात्रा वृद्धि गर्न पनि हिच्किचाउादछन् । त्यसैले पनि अनौपचारिक अर्थतन्त्रभित्रका प्रायः उद्योग वा उद्यमीले उसको परिवारले गुजारा चलाउन सक्ने आकारमा मात्र उद्यम सञ्चालन गरेका हुन्छन् । विख्यात अर्थशास्त्री हर्नान्डो डि सोटोले अनौपचारिक अर्थतन्त्रको क्षेत्रबारे निकै गहिरो र चाखलाग्दो अध्ययन गरेका छन् जसको बयान उनका दुई प्रख्यात किताबहरु "द मिस्ट्री अफ क्यापिटल" (The Mystery of the Capital) र "द अदर पाथ" (The Other Path) मा पाइन्छ । उनले आफ्नो अध्ययनमा उल्लेख गरेअनुसार विश्वका गरिबहरू सर्वहारा नभएर भविष्यका उदाउँदा उद्यमीहरू हुन्, जो कानूनी

प्रावधानहरूका कठिनाइ र उच्च लागतका कारण कानूनी सीमाभन्दा बाहिर रहेर अनौपचारिक अर्थतन्त्रमा आबद्ध भइ काम गरिरहेका हुन्छन् । उनका अनुसार विश्वभरका गरिबहरूसँग करिब ९०० खर्ब डलर बराबरको सम्पत्ति रहेको छ, जसलाई औपचारिक अर्थतन्त्रभित्र आबद्ध गराउन सकेमा गरिबी निवारणको कार्य सजिलो हुन पुग्नेछ । हर्नान्डो डि सोटोको मातृभूमि 'पेरु'ले आफ्ना जटिल कानूनी प्रावधानहरूको सुधारबाट उद्यमशीलता प्रवर्धन गर्न गरेको प्रयासले प्राप्त गरेको सफलताले यस कुराको पुष्टि भएको छ । पेरुमा सन् १९९० देखि थालनी गरिएको कानूनी सुधार कार्यक्रमले सन् १९९४ सम्म आइपुग्दा अनौपचारिक अर्थतन्त्रभित्र रहेका करिब २,७०,००० उद्यमीहरूलाई औपचारिक अर्थतन्त्रभित्र ल्याउन सफल भएको थियो । यसको फलस्वरूप पेरुको अर्थतन्त्रमा करिब ५,००,००० नयाँ रोजगारीका अवसरहरू सिर्जना भएका थिए भने राजस्वमा करिब १.२ अर्ब अमेरिकी डलरको वृद्धि भएको थियो । यस्तो सुधारले पेरुको आर्थिक वृद्धिमा योगदान मात्र नपुऱ्याई करिब १ दशकदेखि चलिरहेको गृहयुद्ध अन्त्य गर्न पनि मुख्य भूमिका खेलेको थियो ।

# ५

# उद्योग निर्माणको अवधारणा

संसारभरका प्रत्येक समाज, संस्कृति र मानवीय जीवनका विविध पक्षहरूमा उद्यमीहरूले मानिसहरू बाँच्ने, अन्तर्क्रिया गर्ने र जीवनयापन गर्ने तरिकामा परिवर्तन ल्याइरहेका छन् । हाम्रो अस्तित्वलाई खतरा पुऱ्याउने समस्याहरूलाई बढी उत्पादक र सन्तोषपूर्ण बनाउन पनि उद्यमीहरू सफल भइरहेका छन् । प्राणघातक रोग एड्स, क्यान्सरजस्ता रोगको उपचार पत्ता लगाउन लागिपरेका उद्यमीहरूदेखि लिएर सिलिकन उपत्यकामा अत्याधुनिक प्रविधिका यन्त्रहरूको विकास गरिरहेका उद्यमीहरूसम्म, बङ्गलादेशका गरिब किसानहरूलाई सस्तो व्याजदरमा ऋण उपलब्ध गराउन प्रयास गरिरहेका उद्यमीहरूदेखि लिएर घरेलु तथा साना उद्योगमार्फत् नेपालमा एकल महिलाहरूलाई रोजगारी दिइरहेका उद्यमीहरूसम्म सबैले मानव जीवन र मानव समाजलाई प्रगतितर्फ डोऱ्याउने काम गरिरहेका छन् ।

उद्योग निर्माण भन्नाले उद्यमशीलतालाई प्रोत्साहन गर्ने र निजी क्षेत्रलाई अर्थतन्त्रको मुख्य आधारशिला बनाउने प्रक्रियालाई बुझिन्छ । विश्वभरको अनुभवअनुसार

उद्यमशीलताको प्रवर्द्धन र निजी क्षेत्रको विकास नै गरिबीबाट मुक्ति पाइने एकमात्र उपयुक्त बाटो हो । त्यसकारण उद्यमशीलता र निजी क्षेत्रको विकासका लागि अनुकूल वातावरण बनाउनु जरुरी छ । कुनै पनि अर्थतन्त्र निजी क्षेत्रमुखी हुनका लागि स्वैच्छिक विनिमयको प्रक्रियालाई संरक्षण र प्रवर्द्धन गरिनुपर्छ र कुनै पनि अनावश्यक सरकारी हस्तक्षेपबिना बजारका विभिन्न बलहरूलाई स्वतन्त्रतापूर्वक काम गर्न दिइनुपर्छ । त्यसैगरी राज्यद्वारा उद्योग स्थापना, सञ्चालन र बन्द गर्ने प्रक्रियालाई कानूनी रूपमा सजिलो बनाएर, व्यक्ति तथा उद्योगहरूको सम्पत्तिको उचित कानूनी संरक्षण गरेर, कर्जासम्मको पहुँचमा अवरोध नगरेर, सरकारी खर्च तथा कर कम गरेर उद्योग निर्माणमा सहयोग पुऱ्याउन सकिन्छ ।

६

# नेपालका चुनौतीहरू

## राजनैतिक अस्थिरता

नेपालको उद्यमशीलता विकासको मुख्य चुनौतीका रूपमा रहेको समस्या भनेको राजनैतिक अस्थिरता हो । समय कुसमयमा भइरहने सरकार परिवर्तन र सरकार परिवर्तनसँगै परिवर्तन हुने सरकारी नीति तथा कार्यक्रमहरूले गर्दा उद्यमशीलता विकासका लागि चाहिने आधारभुत नीतिहरूको निर्माण तथा कार्यान्वयन हुन सकिरहेको छैन । प्राय: नेपालमा गठन हुने सरकारको आयु छोटो हुने प्रचलनले गर्दा हालसम्मका सरकारहरूको काममा दीर्घकालीन नीति तथा परिकल्पनाको अभाव देखिन्छ । यसले गर्दा देशको आर्थिक विकास राज्यको मुख्य प्राथमिकतामा पर्न नसकिरहेको अवस्था छ । अगाडि नै चर्चा गरिएझैं उद्यमशीलता विकासका लागि चाहिने नीतिहरू एकै पटकमा निर्माण गर्न सम्भव छैन किनकि नीतिहरू एकै पटकमा निर्माण हुने नभएर क्रमानुगत रूपमा दीर्घकालसम्म निरन्तर निर्माण भइरहने प्रक्रियाका रूपमा रहन्छन् । त्यसैगरी यस कार्यका लागि आवश्यक पर्ने कुनै एउटा नीति ल्याएर मात्र पनि पुग्दैन । त्यस्ता नीति तथा कार्यक्रमको

निरन्तर कार्यान्वयन र सुपरिवेक्षण गर्नु पनि आवश्यक हुन्छ । यी सबै कार्यका लागि राजनैतिक स्थिरता र दीर्घकालीन नीति तथा परिकल्पना आवश्यक हुन्छ । नेपालको उद्यमशीलता विकासमा देखिएको एउटा ठूलो चुनौती भनेको विगतको अस्थिरता र हाल बढ्दै गएको सङ्क्रमणकालिन अनिश्चितता हो ।

## जीउधनको असुरक्षा र निजी सम्पत्ति अधिकारको सुनिश्चितताको अभाव

जीउधनको सुरक्षा र निजी सम्पत्तिको अधिकारको सुनिश्चितता नभएमा कुनै पनि स्रोतको अनुकूल उच्चतम उपयोग गर्न वा कुनै पनि उद्यममा आफ्नो समय, श्रम र पैसा खर्चिने प्रेरणा कसैलाई पनि हुँदैन । करिब एक दशकसम्म नेपालमा चलेको सशस्त्र युद्ध र त्यसले निम्त्याएको अशान्ति र असुरक्षाले मानिसहरूको जीउधनको सुरक्षाको अवधारणमाथि ठूलो आघात पुगेको छ। त्यसैगरी हालको सङ्क्रमणकालिन समयमा बढ्दै गइरहेको असुरक्षा, अराजकता र दण्डहीनताले मानिसहरूको आफ्नो जीउधनमाथिको सन्त्रास अझ धेरै बढ्दै गइरहेको अवस्था छ। विधिको शासन लागु गर्नु र सुरक्षा व्यवस्थामा सुधार ल्याएर मानिसहरूले निर्धक्क भएर काम गर्नसक्ने अवस्था सिर्जना गर्नु नेपालका लागि अर्को ठूलो चुनौती हो ।

त्यसैगरी निजी सम्पत्तिको अधिकारको कानूनी सुनिश्चितता नहुनु नेपालका लागि अर्को चुनौतीका रूपमा रहेको छ । संसारभरि नै अन्ततः निजी सम्पत्तिको अधिकार आर्थिक विकास र वृद्धिका लागि अत्यावश्यक पक्ष रहेछ भन्ने अवधारणा स्वीकार गरिसकिएको अवस्थामा नेपालमा भने अधिकांश राजनैतिक दलहरू निजी सम्पत्तिको अधिकारका विरुद्धमा रहनुले पनि नेपालमा निजी सम्पत्तिसम्बन्धी कानूनको अवस्था दयनीय रहेको छ । यस कुराको पुष्टि अन्तर्राष्ट्रिय सम्पत्ति अधिकार सूचकाङ्क २०१० मा १२५ देशहरूमध्ये नेपाल १०१ औं स्थानमा रहनुले पनि गर्छ । सम्पत्ति अधिकारको सुनिश्चितता नेपालका लागि विशेष र अन्य चुनौतीभन्दा पनि बढी र महत्वपूर्ण चुनौती हो ।

## व्याप्त भ्रष्टाचार

सबैतिर व्याप्त रहेको भ्रष्टाचार पनि नेपालका लागि एउटा ठूलो चुनौती हो । ट्रान्सपरेन्सी इन्टरनेशनलको भ्रष्टाचार सूचकाङ्क २००९ मा नेपाल विश्वका १८० देशहरूमध्ये १४३ औं स्थानमा रहेको छ । यस तथ्यलाई २००८सँग तुलना गर्ने हो भने यो नेपालको खस्कादो अवस्था हो । नेपालमा लगानी गर्न चाहने विदेशी लगानीकर्ताको मुख्य गुनासो नै

नेपालको सरकारी क्षेत्रमा व्याप्त भ्रष्टाचार रहेको छ। लाइसेन्स, अनुमति वितरण, वस्तु तथा सेवाको खरिद, ठेक्कापट्टा वितरणजस्ता कार्यमा व्यापक अनियमितता तथा भ्रष्टाचार हुने गरेको छ। त्यसैगरी उच्च तहका सरकारी अधिकृत तथा राजनीतिज्ञहरूमाथि अख्तियार दुरूपयोग अनुसन्धान आयोगले घुसखोरी गरेको तथ्य प्रमाणित गर्दा पनि कारवाही नभएका उदाहरणहरू प्रसस्त छन्। त्यसैगरी अधिकांश सरकारी संस्थानहरूमा व्यापक मात्रामा भइरहेको भ्रष्टाचारको समाचार पनि समयसमयमा आइरहेको हुन्छ। भ्रष्टाचार न्यूनीकरण तथा उन्मूलन उद्यमशीलता विकासका लागि एउटा महत्वपूर्ण कडी हो।

## उर्जा तथा पूर्वाधारहरूको अभाव

उद्योगका लागि चाहिने पूर्वाधारहरू जस्तै सडक, उर्जा, शिक्षाजस्ता आधारभूत कुराहरूको अभाव पनि नेपालमा उद्यमशीलता विकासमा देखिएको ठूलो चुनौती हो। भौतिक तथा शैक्षिक पूर्वाधारको अभावमा कुनै पनि उद्योग पूर्ण रूपमा विकसित र विस्तारित हुन पाउँदैनन्। नेपालका धेरै भौगोलिक विकटतायुक्त ठाउँहरू अझै पनि सडक, पुल जस्ता अत्यावश्यक भौतिक संरचनाबाट वञ्चित छन्। बजारसम्म पहुँचको अभावले गर्दा विभिन्न ठाउँमा उत्पादित

वस्तु तथा सेवाहरू त्यसै खेर गइरहेको अवस्था छ । जस्तै, मुस्ताङमा उत्पादन हुने स्याउ उच्च गुणस्तरको भए पनि बजारसम्मको पहुँच नपाउनाले त्यसै खेर गइरहेको अवस्था छ । त्यसैगरी सही भौतिक पूर्वाधार नहुनाले सेवा तथा वस्तुको ढुवानीमा बढी खर्च भएर बजारमा आइपुग्दासम्म वस्तुको लागत उच्च भएर बिक्री हुन नसकेका उदाहरणहरू पनि छन् । जस्तै : काठमाडौं र हेटौंडा जोड्ने फास्टट्र्याक सडक वर्षौं बितिसक्दा पनि अझै निर्माण पूरा नहुनाले अझै पनि मानिसहरू तराईबाट काठमाडौं सामान ढुवानी गर्न लामो बाटो प्रयोग गर्न बाध्य छन् ।

नेपालको अर्को प्रमुख चुनौती भनेको उर्जाको सङ्कट पनि हो । सुख्खा मौसममा दैनिक १६ घन्टासम्मको विद्युत कटौतीले गर्दा नयाँ उद्योग स्थापनाको कार्य निरुत्साहित मात्र नभएर भएकै उद्योगधन्दाहरूको उत्पादनमा कटौती भई उक्त उद्योगधन्दाहरू घाटामा जाने वा बन्द नै हुने अवस्थामा पुगेका छन् । विगतका केही वर्षदेखि विकराल रूप लिँदै आएको विद्युत अभावको समस्याले गर्दा देशका प्रायः औधोगिक क्षेत्रका ५० प्रतिशतभन्दा बढी उद्योग घाटामा वा बन्द हुने अवस्थामा पुगेका छन् । विद्युतको अर्को सस्तो विकल्प नभएको र विकल्पका रूपमा रहने उर्जाको अर्को स्रोत पेट्रोलियम पदार्थको पनि सहज आपूर्ति

नहुनाले उर्जाको सङ्कट झनझन् विकराल बन्दै गइरहेको छ । नेपालका लागि यो अवस्था वर्तमान समयमा अत्यन्तै ठूलो चुनौतीका रूपमा रहेको छ ।

## अस्वस्थ प्रतिस्पर्धा, सिन्डिकेट तथा कार्टेलिङ

नेपालका प्रायः क्षेत्रमा व्यवसायमा अस्वस्थ प्रतिस्पर्धा, हिंसा तथा बल प्रयोग हुने गरेको छ । त्यसै गरी यातायात लगायतका अन्य धेरै क्षेत्रमा व्याप्त सिन्डिकेट तथा कार्टेलिङ प्रथाले गर्दा ती व्यवसायमा नयाँ व्यवसायीको प्रवेश असम्भव प्रायः छ र यसैका आडमा व्यापारीहरूले उपभोक्ताबाट चर्को मूल्य असुल्ने र निम्न गुणस्तरको वस्तु तथा सेवा उत्पादन गर्ने प्रचलन हावी रहेको छ। सिन्डिकेट वा कार्टेलजस्ता कुराले गर्दा वस्तुको कृत्रिम मुल्यवृद्धि भइरहेको हुन्छ भने व्यापारीहरूले निम्न गुणस्तरको वस्तु तथा सेवाका लागि पनि चर्को मुल्य असुलेर उपभोक्तालाई ठगिरहेका छन् । यसले गर्दा निजी क्षेत्रको छविमा समेत गहिरो र नकारात्मक असर परिरहेको छ । कानुनतः यस्ता कार्यहरू गैरकानूनी भएको र सर्वोच्च अदालतले समेत यस्तो प्रथा तुरुन्त खारेज गर्न आदेश दिइसकेको छ । तर आदेश कार्यान्वयन गर्ने इच्छाशक्तिको अभाव र कतिपय अवस्थामा यस्तो प्रथामा संलग्न

हुने व्यक्तिहरूले राजनैतिक संरक्षण पाइरहेका हुनाले पनि समस्या समाधान हुन सकेको छैन । सिन्डिकेट र कार्टेलजस्ता अवाञ्छित क्रियाकलापहरू बजारबाट हटाउन सरकारले गम्भीरतापूर्वक र प्रभावकारी ढङ्गले काम गर्नु जरुरी हुन्छ ।

## जागिरे मनस्थिति

नेपाली समाजमा व्याप्त रहेको जागिरे मनस्थिति पनि नेपालको उद्यमशीलता विकासमा देखिएको अर्को ठूलो चुनौती हो । मुख्यतः नेपाली शिक्षा प्रणाली नै उद्यमशीलताभन्दा जागिरे मनस्थिति निर्माण गर्ने तर्फ बढी अभिमुख भएको हुनाले पनि यसबाट उत्पादित जनशक्तिमा जागिरे मनस्थिति हावी छ । उद्यमशीलतासम्बन्धी जानकारी र चाखको अभावले गर्दा पनि नेपालमा उद्यमशीलताको राम्रोसँग विकास हुन सकिरहेको छैन । नेपालको वर्तमान शिक्षा प्रणालीलाई परिमार्जन गरी उद्यमशीलतालाई पनि शिक्षा प्रणालीमा समाविष्ट गर्नु आवश्यक छ ।

## उद्यमी प्रतिकूल श्रमनीति

माथि छलफल गरिएजस्तै उद्यमशीलता विकासका लागि लचिलो श्रमनीति हुनु जरुरी हुन्छ । नेपालको एउटा प्रमुख चुनौती भनेको उद्यमी प्रतिकूल श्रमनीति

पनि हो । नेपालको श्रम नीतिअनुसार कुनै कामदार भर्ती गर्न सजिलो भएपनि कामबाट हटाउन असम्भव जत्तिकै छ । त्यसैगरी न्युनतम ज्यालादरसम्बन्धी कानून, ९० दिन काममा लगाएपछि वर्षभरिको सुविधा दिनुपर्ने नियम, हिंसात्मक श्रम सङ्गठनलाई प्रस्रय दिने कानून जस्ता कुराले गर्दा पनि नेपालको श्रमनीति उद्यमीहरूको प्रतिकूलमा रहेको छ । नेपाल कामदार बर्खास्त गर्नका लागि संसारकै सबैभन्दा गाह्रो मुलुकमध्येमा पर्दछ । उद्यमशीलता विकासका निमित्त श्रम कानूनलाई लचिलो र उद्यमीअनुकूल बनाउनु जरुरी छ ।

## श्रम सङ्गठनहरूको राजनीतिकरण

नेपाली उद्योगधन्दामा रहेका अधिकांश श्रम सङ्गठनहरू कामदारको हितमा भन्दा पनि आफ्नो राजनीतिक स्वार्थ पुरा गर्नका लागि स्थापना भएका छन् । मजदुरको वास्तविक मागभन्दा पनि बढी राजनैतिक एजेण्डाले चल्ने यस्ता सङ्गठनहरूले अनावश्यक र अनुचित माग राखेर समयसमयमा बलजफ्ती उद्योगधन्दाहरू बन्द गर्ने र उद्यमीहरूलाई दुःख दिने काम गरिरहेका छन् । त्यसैगरी एउटै उद्योगमा समेत राजनैतिक दलैपिच्छेका श्रम सङ्गठनहरू हुने र सङ्गठनै पिच्छेका आ-आफ्ना

मागहरू हुने प्रवृत्तिले गर्दा उद्योगधन्दाहरूले एक वर्षमा १८० दिन पनि काम गर्न नपाउने अवस्था रहेको छ । मजदुरहरूलाई पर्याप्त समय काममा लगाउन मात्र नभएर अदक्ष र अनुत्पादक कामदारलाई कामबाट निकाल्नसमेत असम्भवप्रायः छ । समयसमयमा भइरहने हड्ताल, उद्योगमा गरिने तालाबन्दीजस्ता कार्यले नेपाली उत्पादनको लागत बढाइरहेका छन् । यसले गर्दा नेपाली उद्योगहरूले आफ्नो पूर्ण क्षमतामा काम गर्न पाइराखेका छैनन् । तसर्थ नेपालमा उद्यमशीलता विकासका लागि श्रम सङ्गठनहरूको राजनीतिकरण रोक्नु र तिनीहरूको शक्तिमाथि नियन्त्रण गर्नु अत्यन्त जरुरी भएको छ ।

## पूँजीसम्मको पहुँचको अभाव

वित्तीय क्षेत्रको उदारिकरणसँगै नेपालमा फस्टाएका बैंक तथा अन्य वित्तीय संस्थाहरूले गर्दा सहरी क्षेत्रहरूमा उद्यमीहरूलाई पूँजीसम्मको पहुँच बढेको भए तापनि नेपालका ग्रामीण तथा विकट क्षेत्रहरूमा भने ऋणका लागि अझै पनि अनौपचारिक क्षेत्र तथा साहु तथा जमिन्दारहरूमाथि भर पर्नुपर्ने अवस्था रहेको छ । यी स्रोतहरूबाट लिइएको ऋणको ब्याजदर अत्यन्तै उच्च हुने मात्र नभएर ठगी, जालसाजी हुने सम्भावना पनि धेरै हुने गर्दछ । उद्यमशीलता

प्रवर्धनका लागि पूँजीमाथिको सहज र सुलभ पहुँच वृद्धि गर्नु आवश्यक हुन्छ । विगतका दुई दशकमा भएको लघुवित्तको विकासलाई पूँजीमाथिको पहुँच वृद्धि गराउने प्रभावकारी संयन्त्रका रूपमा स्वीकारिएको छ । नेपालमा पनि धेरै लघुवित्त संस्थाहरूको स्थापना भएको पाइन्छ । नेपालको लघुवित्तको क्षेत्रमा सक्रिय धेरै प्रकारका संस्थाहरूले गरिबसम्म पूँजीको पहुँच पुऱ्याउने कार्य गरिरहेका छन् । तर अझै पनि अनौपचारिक उद्यमहरूको कर्जाको आवश्यकतालाई यिनीहरूले सम्बोधन गर्न नसकेको अवस्था छ ।

## उद्यमीहरूप्रतिको नकारात्मक दृष्टिकोण

उद्यमी तथा व्यापारीहरूप्रति नेपाली समाजमा व्याप्त नकारात्मक दृष्टिकोण नेपालमा उद्यमशीलता प्रवर्धनका लागि अर्को ठूलो चुनौती हो । उद्यमी वा व्यापारीहरू नाफाखोर मात्र हुन्, उनीहरूले समाजका लागि केही गर्दैनन् भन्ने सोचले गर्दा उद्यमीहरूले रोजगारी सिर्जना, धन उपार्जन, स्रोतको सदुपयोग, जनताको जीवनको स्तरोन्नतिजस्ता समाजमा पुऱ्याइरहेका योगदानहरू ओझेलमा पर्दछन् । अर्थशास्त्र भनेको शून्यको जोड गरिने खेल नभको तथा स्वतन्त्र र दबावरहित समाजमा कुनै

एउटा व्यक्तिको फाइदा अर्को व्यक्तिको घाटा होइन भन्ने कुराको ज्ञान समाजमा नभएसम्म उद्यमीहरूलाई हेर्ने सोचमा र उद्यमीसँग सम्बन्धित नीतिमा सकरात्मक परिवर्तन ल्याउन सकिँदैन । नेपाली समाजमा यस्ता नकारात्मक सोचहरू व्याप्त रहेका छन् । यसका लागि उद्यमशीलताविरोधी राजनीतिज्ञ, नाफा कमाउनु नराम्रो हो भन्ने सामाजिक मानसिकता र आफ्नो शक्तिको दुरूपयोग गरेर सरकारबाट अनैतिक फाइदा लिन खोज्ने निजी क्षेत्रका केही व्यक्तिहरू प्रमुख जिम्मेवार छन् । नेपालमा उद्यमशीलता विकासका लागि यस सोचमा परिवर्तन ल्याउनु जरुरी छ ।

## व्यापार, व्यवसायमाथिको बढी र झन्झटिला नियमन

जहाँ नियमनहरू धेरै सङ्ख्यामा वा झन्झटिला वा धेरै लागत पर्ने खालका हुन्छन्, त्यहाँ अनौपचारिक आर्थिक क्षेत्र फस्टाउँदछ । अनौपचारिक आर्थिक क्षेत्रमा उद्यमको वृद्धिदर अत्यन्त कम हुन्छ, कर्जासम्मको पहुँच नगन्य हुन्छ, थोरै मात्र कामदारलाई यी उद्यमहरूले रोजगारी दिन सक्छन् र कानूनी सुरक्षाभन्दा बाहिर हुन्छन् । विश्व बैंकको 'डुईङ बिजनेस रिर्पोट'ले देखाएअनुसार नेपालमा व्यापार व्यवसायमाथिको

नियमन अत्यन्त झन्झटिलो र खर्चिलो छ । नेपालमा एउटा व्यापार दर्ता गर्नका लागि एकजना व्यक्तिलाई ३१ दिन लाग्छ जसमा ७ वटा कार्य गर्नुपर्ने र प्रति व्यक्ति आयको ५३.६ प्रतिशत खर्च गर्नुपर्ने हुन्छ । यो अन्य देशको तुलनामा अत्यन्त धेरै हो । नेपालले व्यापार दर्ता गर्न लाग्ने समयलाई घटाएर १ घन्टामा झारेको रुवाण्डाबाट केही सिक्न सक्छ ।

## विश्व बैंकको डुईङ बिजनेस रिर्पोट २०१२ मा नेपालको अवस्था

| विवरण | नेपालको स्थान |
|---|---|
| व्यापार गर्नको सहजता | १०७ |
| व्यापार प्रारम्भ गर्नको सहजता | १०० |
| निर्माणका लागि चाहिने स्वीकृतीहरू लिन | १४० |
| सम्पत्ति दर्ता गर्न | २४ |
| कर्जा प्राप्त गर्न | ६७ |
| लगानीकर्ताको सुरक्षा | ७९ |
| कर तिर्न | ८६ |
| सीमापार व्यापार गर्न | १६२ |

| | |
|---|---|
| करार कार्यान्वयन गराउन | १३७ |
| व्यापार बन्द गर्न | ११२ |

माथिको तालिकाले नेपालमा व्यापार गर्न कत्तिको सहज वा असहज छ भनेर देखाउँछ । नेपाल व्यापार गर्न सहजताका आधारमा हेर्दा विश्वमै १०७ औं स्थानमा पर्दछ । नेपालमा व्यवसायका लागि निर्माणसम्बन्धी १३ वटा स्वीकृतीहरू लिनुपर्छ र यी सबै स्वीकृती लिइसक्नलाई सरदरमा २२२ दिन र प्रतिव्यक्ति आयको ७५३.३ प्रतिशत खर्च हुन्छ ।

त्यसैगरी, नेपालमा एक वर्षमा एउटा व्यवसायले करका निमित्त सरदरमा ३४ वटा खर्च चुक्ता गर्नुपर्दछ जसका लागि वर्षमा करिब ३२६ घन्टा खर्च हुन्छ र नाफाको ३१.५ प्रतिशत खर्च हुन्छ । त्यसैगरी, सीमापार व्यापार गर्नका लागि वा निर्यातका लागि नेपालमा ९ प्रकारका कागजात, ४१ दिन र प्रति कन्टेनर १९६० अमेरिकी डलर लाग्छ । आयातका लागि भने नेपालमा ९ प्रकारका कागजात, ३५ दिन र २०९५ अमेरिकी डलर खर्च हुन्छ ।

व्यवसायिक करार कार्यान्वयन गराउनका लागि नेपालमा ३९ प्रक्रिया, ९१० दिन र करारअनुरूप गरिएको दाबीको २६.८ प्रतिशत खर्च हुन्छ ।

उद्यमशीलता प्रवर्धनका लागि यी नियमनलाई सहज, छरितो, कम समय र कम खर्च लाग्ने बनाउनु जरुरी हुन्छ । नेपालका लागि उद्यमशीलता विकासका लागि गर्नुपर्ने कार्यमध्ये यी सुधारहरू ठूला चुनौतीका विषयहरू हुन् ।

# ७

# उद्यमशीलता र गरिबी

सहस्रशताब्दी विकास लक्ष्यका आधारको रूपमा रहेको गरिबी निवारणको लक्ष्य २१ औं शताब्दीकै प्रमुख विकास लक्ष्य हो । विगतको ५० वर्षमा धेरै प्रगति भए तापनि अझै पनि विश्वका १.२ अर्ब मानिस प्रतिदिन एक अमेरिकी डलरभन्दा कम आयमा दैनिक जीवन गुजारा गर्दछन् । विगत धेरै वर्षदेखि समाजशास्त्र, अर्थशास्त्र, राजनीति, विश्व मामिला र अन्तर्राष्ट्रिय सम्बन्धजस्ता विभिन्न क्षेत्रका विज्ञहरूले संसारका गरिबहरूलाई कसरी गरिबीको रेखाबाट माथि उठाउने भनेर बहस तथा पैरवी गर्दै आएका छन् ।

वर्तमान समयसम्ममा आइपुग्दा यो बहस तथा पैरवी विदेशी अनुदान बढाउने कि बजारहरू खुल्ला गरेर उद्यमशीलतालाई प्रोत्साहन दिने भन्ने दुई मुख्य धारमा केन्द्रीत भएको छ । पहिलो धार सरकारलाई प्रयोग गरेर आम्दानीको स्तर बढाउनेतर्फ केन्द्रित छ भने दोस्रो धार व्यक्तिहरूलाई आफै आफ्नो आम्दानी वृद्धि गर्ने मौका सिर्जना गरेर गरिबीबाट उत्थान गर्ने दिशातर्फ केन्द्रित छ । विकास अर्थशास्त्रमा भएका अनुसन्धानहरूमध्ये बहुसङ्ख्यकले गरिबीको

दीर्घकालीन निवारणका लागि उद्यमशीलता प्रवर्द्धन नै एकमात्र विकल्प रहेको निष्कर्ष निकालेका छन् ।

विदेशी अनुदानको इतिहासलाई फर्किएर हेर्ने हो भने विगतका ४० वर्षदेखि धनी देशहरूले गरिब देशहरूलाई पठाइराखेको अनुदानले गरिबहरूको उत्थान गर्ने कार्यमा कुनै पनि सहयोग गरेको छैन । अनुदान प्राप्त गर्ने प्रायः देशहरूको प्रतिव्यक्ति आय, अनुदान पाउनुभन्दा अघिको अवस्थामा नै स्थिर रहेको छ, अझ केही देशहरूको त हालको प्रतिव्यक्ति आय अनुदान पाउनुभन्दा पहिलेको तुलनामा कम भएको छ । जबकि, चिली, अष्ट्रेलिया, पूर्वी एशियाका मुलूकहरूको इतिहास हेर्ने हो भने उनीहरूले बजार अर्थतन्त्र र उद्यमशीलतालाई प्रवर्द्धन गरेर गरिबीको चक्रबाट मुक्ति पाएको देखिन्छ ।

विश्वका आधाभन्दा बढी गरिबहरू बसोबास गर्ने भारत र चीनजस्ता देशहरूले आफ्नो अर्थतन्त्र खुला गरेपछि मात्र उल्लेख्य मात्रामा गरिबी घटाउन सफलता पाएका छन् । सन् १९७८ बाट शुरु भएको आर्थिक उदारिकरणले चीन केवल ३ दशकमा नै अत्यन्त गरिब, भोकमरीले आक्रान्त मुलुकको स्थानबाट विश्वकै दोस्रो ठूलो अर्थतन्त्र बन्न सफल भएको छ । त्यसैगरि सन् १९९० बाट आर्थिक सुधार

प्रारम्भ गरेको भारत पनि हालसम्म वार्षिक औसत ८ प्रतिशतका दरले आफ्नो अर्थतन्त्र र प्रतिव्यक्ति आय वृद्धि गरिरहेको छ । सन् १९७८ को उदारिकरणले गर्दा नै करिब ८० करोड चिनियाँ किसानहरूलाई ६ वर्षभित्रमा नै आफ्नो आयमा दुई गुणाको वृद्धि गराउन सहयोग गरेको थियो ।

निजी क्षेत्र विकासका लागि कुनै पनि अवधारणा र त्यससँगै आउने नीति र कार्यगत सुझावहरू, विकासतर्फ डोऱ्याउने बचत, लगानी तथा नवप्रवर्तन निजी व्यक्ति, संस्था तथा समुदायले गर्ने कार्यहरू हुन् भन्ने बुझाईमा आधारित हुनु जरुरी छ ।

उद्यमशीलताले आर्थिक वृद्धि, रोजगारी सिर्जना र गरिबहरूको आम्दानी वृद्धिमा योगदान पुऱ्याएर गरिबी निवारणमा सहयोग पुऱ्याउँदछ । यसले विभिन्न थरिका वस्तु तथा सेवाहरू कम मूल्यमा गरिबहरूलाई उपलब्ध गराएर उनीहरूको सशक्तिकरणमा पनि योगदान पुऱ्याउँदछ ।

साना तथा मझौला उद्यमहरू रोजगारी सिर्जनाका यन्त्र, नवप्रवर्तन र उद्यमशीलताको बिजारोपण स्थल बन्न सक्दछन् । तर प्रायः गरिब देशहरूमा साना तथा मझौला उद्यमहरू अर्थतन्त्रमा सीमान्तिकृत

अवस्थामा रहेका हुन्छन् । यस्ता धेरैजसो उद्यमहरू औपचारिक कानूनी व्यवस्थाभन्दा बाहिर रहेर सञ्चालित भई व्यापक मात्रामा अनौपचारिकता र न्यून उत्पादकत्वमा योगदान पुर्‍याइरहेका हुन्छन् । उनीहरूसँग ठूला स्तरका उद्यम स्थापनाको आधारका रूपमा रहने वित्तीय स्रोत र दीर्घकालीन पूँजीमाथिको पहुँच हुँदैन ।

त्यसैले गरिबी निवारणका लागि उद्यमशीलतालाई प्रोत्साहन दिनु, साना तथा मझौला उद्योगहरूलाई सहज रूपमा सञ्चालन हुन सक्ने वातावरण बनाउनु अत्यन्त जरुरी छ ।

८

# नेपालका लागि सम्भावना

नेपालका दुई छिमेकी देश भारत र चीन अत्यन्त तीव्र गतिमा आर्थिक विकासको बाटोमा अगाडि बढिरहेका छन् । कुनै समयमा संसारकै गरिब मुलुक मानिएका यी दुई देशको अर्थतन्त्र अहिले संसारमा उदाउँदै गरेका आर्थिक महाशक्तिका रूपमा चिनिन्छन् । आर्थिक नीति तथा व्यवस्थामा सुधार ल्याएपछि यी देशहरूमा उद्यमीहरूको सङ्ख्या तथा गुणस्तरमा व्यापक वृद्धि भइरहेको छ । यसरी तीव्र दरमा वृद्धि भइरहेका दुई अर्थतन्त्रका बीचमा अवस्थित भएकाले नेपालका लागि धेरै अवसरहरू सिर्जना हुने सम्भावना छ । नेपालका लागि सम्भावित अवसरहरूमध्ये केही अवसरबारेमा निम्नलिखित रूपमा चर्चा गर्न सकिन्छ :

## कृषि क्षेत्रमा रहेका सम्भावनाहरू

नेपालको कृषि क्षेत्र नै अथाह सम्भावनाहरू बोकेको क्षेत्र हो । अहिले नेपालमा रहेको अत्यन्त सीमित जनशक्तिले मात्र यी सम्भावनाहरूको सदुपयोग गरेको पाइन्छ । नेपालका लागि तुलनात्मक लाभको कुरा गर्दा औषधीय बोटबिरुवा र हिमाली जडीबुटीको

धेरै कुरा हुने गर्दछ। नेपालसँग ७०० भन्दा बढी प्रकारका औषधीय बोटबिरुवाका प्रजाति छन् । प्रयोगशालाको परीक्षणबाट ३०० प्रजातिका बोटविरुवाको औषधीय गुण प्रमाणित भइसकेको छ। यी औषधीय बोटबिरुवा तथा जडिबुटीहरूको व्यावसायिक खेती, प्रशोधन तथा बिक्री यस्ता क्षेत्रहरू हुन् जसमा उच्चस्तरको स्थानीय तथा परम्परागत ज्ञान भए तापनि देश र जनताले पर्याप्त रूपमा फाइदा लिन सकिरहेका छैनन् । बरु यस्तो जडीबुटीलाई प्रारम्भिक स्वरूपमा नै कच्चा पदार्थका रूपमा निर्यात गरिनाले भारत तथा पश्चिमका व्यापारीहरूले धेरै फाइदा लिइरहेका छन् । त्यसैगरी राष्ट्रिय अर्थतन्त्रले चिया, अदुवा, तरकारीको बीउ, अलैंची, कफीजस्ता नगदे बालीबाट लाभ लिनसक्ने सम्भावना पनि प्रशस्त रहेको छ । नगदे बालीले किसानहरूको प्रतिहेक्टर आम्दानीमा धेरैले वृद्धि गर्न सक्छ। उदाहरणका लागि, प्रयोगहरूले देखाएअनुसार सुधारिएका कृषि अभ्यासहरूमार्फत प्रतिहेक्टर ७ टन मकै उत्पादन गर्न सकिन्छ, जुन हालको नेपालको उत्पादन (२ टन प्रतिहेक्टर) भन्दा ३.५ गुणाले बढी हो ।

नेपालको कृषि क्षेत्रका कामदारले सरदरमा २११ अमेरिकी डलर बराबरको मूल्य अभिवृद्धि गर्दछन् जबकि मलेशियामा यो परिमाण ५१७०

अमेरिकी डलर रहेको छ। यसले कृषिमा रहेको वृद्धिको अथाह सम्भावनालाई इङ्गित गर्दछ । नेपालको कूल श्रमशक्तिको ६० प्रतिशत मात्रै कृषिमा आवद्ध रहेको मान्ने हो र प्रति कामदार वर्षमा १ डलरले मात्र आयमा वृद्धि हुने हो भने पनि कूल गार्हस्थ उत्पादनमा २ करोड डलरले वृद्धि हुन्छ । नेपालको कृषि क्षेत्रलाई व्यवसायीकरण गर्न सके कृषि क्षेत्रमा रहेको बेरोजगारी दरलाई २५ देखि ३० प्रतिशतले कम गर्ने सम्भावना रहेको छ ।

नेपालमा तीव्र गतिमा गरिबी घटाउन सक्ने क्षेत्रका रूपमा कृषि मात्र रहेको छ किनकि देशको सम्पूर्ण श्रमशक्तिको ७० प्रतिशतभन्दा बढी हिस्सा अझै पनि कृषि क्षेत्रमा आबद्ध रहेको छ । यहाँ कृषि क्षेत्रमा भएका केही सम्भावनालाई प्रस्तुत गरिएको छ :

**नगदे बाली र बेमौसमी खेती :** कृषि क्षेत्रमा रसायनिक मल र खेती गर्ने प्रविधिमा आएको सुधारले अहिले नेपालमा चिया, कफि, अदुवा, अलैंची र अम्लिसो जस्ता नगदे बालीका लागि बजारको प्रशस्त सम्भावना रहेको छ। यस्ता बालीबाट फाइदा लिनमा इलाम जिल्ला निकै अघि देखिएको छ । यसैगरी बेमौसमी उत्पादनको पनि नेपालमा धेरै ठूलो बजार रहेको छ । बेमौसमी तरकारी उत्पादनबाट

काठमाडौंका वरिपरि रहेका धादिङ, काभ्रेजस्ता जिल्लाहरूले फाइदा लिन सकेका छन् । नगदे र बेमौसमी बाली लगाउनका लागि नेपाल सरकारका कृषिसम्बन्धी निकाय र धेरै गैरसरकारी संस्थाबाट पनि सहयोग प्राप्त गर्न सकिन्छ। यस्तै गरी बेमौसमी फलफूल उत्पादनले पनि नेपालमा ठूलो बजार पाउन सक्छ ।

**तरकारी तथा फलफूल खेती :** नेपालमा तरकारी र फलफूल दुवैका लागि ठूलो बजार रहेको छ । फलफूलमा विशेषतः सुन्तला, स्याउजस्ता फलफूलको बजार नेपालमा मात्र नभई भारत, तिब्बत, बङ्गलादेश र भुटानसम्म फैलिएको छ। यो निर्यातका लागि राम्रो सम्भावना बोकेको कृषि उत्पादन हो। यसै गरी ताजा तरकारीका लागि पनि भारतका कापुरकोट (नेपालगञ्ज नजिकै), लखनऊ (सीतापुर नजिकै), दिल्ली, सिल्गुडी जस्ता बजारहरूमा नेपालबाट जाने तरकारीको माग प्रशस्त रहेको छ। तरकारीमा विशेषतः गोलभेडा, काउली, भेडे खोर्सानी र मूलाजस्ता तरकारीहरूको माग बढी रहेको पाइन्छ।

**जैविक/प्राङ्गारिक मल तथा जैविक खेती :** नेपालका सहरी क्षेत्रहरूमा जैविक खेतीबाट गरिएको उत्पादनको माग र बजार विस्तारै विस्तार

हुँदैछ। सन् २००८ मा गरिएको एउटा सर्वेक्षणअनुसार सहरी क्षेत्रको २.५ प्रतिशत घरहरूले अहिले जैविक खेतीप्रणालीबाट उत्पादित खाद्यान्नको उपभोग गरिरहेका छन् भने सहरी क्षेत्रमा यस्तो उत्पादनको माग ३० प्रतिशत घरहरूले गरिरहेका छन् । त्यस सर्वेक्षणअनुसार जैविक खेतीको उत्पादनका लागि बजारमा उपभोक्ताहरू अन्य किसिमले उत्पादित खाद्यान्नभन्दा २० देखि ३० प्रतिशतसम्म बढी मूल्य तिर्न तयार पनि छन् । यसैगरी अहिले पर्यटन व्यवसायीहरूबीच पनि यस्तो उत्पादनको माग ठूलो रहेको छ । नेपालमा मात्र नभई यस्तो उत्पादनको अन्तर्राष्ट्रिय स्तरमा पनि ठूलो बजार रहेको छ । परम्परागत खेतीको ज्ञानले सहयोग पुऱ्याउने यस क्षेत्रमा पनि नेपाल सरकारलगायत गैरसरकारी संस्थाहरूबाट पनि सहयोग पाउन सकिन्छ । यस्तो खेती या मलको उत्पादन उच्च मूल्यमा बिक्री गर्न सकिन्छ । यो सानो बजार भए तापनि फाइदाजनक बजार हुनसक्छ। यसका लागि ठूलो परिमाणमा भन्दा सानो परिमाणमा थालनी गर्नु उचित हुन्छ। यसमा लाग्दा ध्यान दिनुपर्ने कुरा भनेको जैविक प्रमाणीकरणको हो । जैविक प्रमाणित वस्तुले मात्र बजारमा उच्च मूल्य पाउँछन् । यस्तो प्रमाणीकरण स्थानीय स्तर या अन्तर्राष्ट्रिय निकायबाट पनि लिन सकिन्छ ।

**पशु पालन तथा दुग्ध उद्योग :** नेपालमा मासुका लागि मात्र पनि पशुको आयात अझै गरिन्छ। यसर्थ मासुको आवश्यकता परिपूर्तिका लागि पनि पशुपालन बजारको ठूलो सम्भाव्यता रहेको छ। पशुपालनमा विशेषत: बङ्गुर, कुखुरा, खसी, राँगाजस्ता पशुहरूको बजार ठूलो रहेको छ। शहरी क्षेत्रमा गुणस्तरीय मासु उपलब्ध नभएकाले अझै पनि बाहिरबाट मासु आयात भइरहेको छ। पशुपालनबाट मल उत्पादनको क्षेत्र पनि विस्तार गर्न सकिने सम्भावना रहेको हुन्छ। पशुपालनका लागि पनि नेपाल सरकार र विभिन्न गैरसरकारी संस्थाहरूबाट सहयोग पाउन सकिन्छ। विगतमा ग्रामीण स्तरमा रहेका सहकारीहरूले पनि यस क्षेत्रमा लगाएको लगानीको मात्रा उल्लेख्य रूपमा ठूलो छ। यसैगरी नेपालमा दुध उपभोग धेरै रहेको र दुध अझै आयात भइरहेको अवस्था छ। यस क्षेत्रमा पनि सहजै बजार पाउन सकिन्छ र सहयोग पनि पाउन सकिन्छ। नेपाल सरकारको हालैको रणनीतिमा मासु र दुग्ध उद्योगलाई विशेष प्राथमिकता दिई नेपाललाई यस क्षेत्रमा आत्मनिर्भर बनाउने लक्ष्य पनि राखिएको छ। तसर्थ यस क्षेत्रमा ऋण सुविधा पाउन पनि सहज हुनसक्छ। नेपालमा सन् २०१० सम्म दुधको मात्र माग लगभग ८१ मिलियन मेट्रिक टन रहेको छ भने, मासुको अनुमानित १८.५ मेट्रिक टन र अण्डाको माग ६५.५ मिलियन रहेको छ।

**कृषि उत्पादन प्रशोधन उद्योग :** पूँजी जम्मा गर्न सकिने हो भने नेपालमा अहिले कृषि उत्पादनको प्रशोधन गर्ने उद्योगहरू कमै छन् । यस्ता उद्योगका लागि प्रविधि र पूँजी दुवै चाहिन्छ। तर अहिले नेपालमा यस्ता उद्योगहरूको ठूलो अभाव खड्किएको छ । यही कारणले पनि कृषि उत्पादनहरू प्रशोधनका लागि विदेशिने गर्दछन् र फलस्वरूप हामीले नेपालमा उच्च मूल्य तिरेर त्यस्ता वस्तुहरू पुनः आयात गर्नु परिरहेको छ । यसैले कृषि उत्पादन प्रशोधनसँग सम्बन्धित उद्योगहरू स्थापना गर्ने हो भने बजार विस्तार राम्रो हुनसक्छ र यसले रोजगारी र मुनाफा दुवै आर्जन गर्न सकिन्छ । यस्ता प्रशोधनका उद्योगहरू दुध, मासु, बिऊ, तरकारी सबै क्षेत्रका लागि आवश्यक देखिन्छ । माथि उल्लेख भएअनुसार नेपाल सरकारले कृषि क्षेत्रमा पुर्नकर्जा प्रवाहमा जोड दिइरहेको बेला यस्ता खालका उद्योगका लागि ऋण सहयोग पनि पाउन सकिन्छ । कृषि उत्पादनको प्रशोधनमा केही घरेलु उद्योगहरूको सम्भावना पनि रहेको छ । यसमा सम्भाव्य ठूलो बजार भएका उत्पादनमध्ये जाम, अचार, जुस केही धेरै परिमाणमा आयातित र माग रहेका उत्पादन पर्दछन् ।

**गैह्रकाष्ठ वन पैदावर :** सामुदायिक वनको सफलतासँगै नेपालमा गैह्रकाष्ठ वन पैदावरको

सम्भावनामा पनि निकै वृद्धि भएको छ । यसमा दुर्लभ जडीबुटीदेखि सामान्य रूपमा पाइने कुरिलोसम्म पर्दछन् । गैह्रकाष्ठ वन पैदावरको बजार पनि राष्ट्रिय बजारमा सीमित छैन । यद्धपि, यसमा कतिपय वस्तुहरूको व्यापार गर्न प्रतिबन्ध लगाइएको छ । यो क्षेत्रमा निरमान्सी (जडवर), शिलाजित, अलैंची, कुरिलो उच्च मूल्य भएका वस्तुहरूमा पर्दछन् । सन् २०११ को फेब्रुअरी महिनामा मात्र अलैचीको बजारमूल्य प्रतिकिलो रु.१४५० थियो भने कुरिलोको बजारमूल्य प्रतिकिलो रु. ५०० थियो । हिमाली भेगमा विशेषत दुर्लभ जडिबुटीहरू धेरै पाइन्छन् । त्यस्ता जडीबुटीमध्ये चिरैतो, कुट्की, जटामसी प्रमुख पर्दछन् भने तराई क्षेत्रमा समान्य रूपमा पाइने दालचिनी, तेजपत्ता, रिठ्ठाजस्ता वस्तुहरूको मूल्य उच्च नभए तापनि बजार प्रसस्त छ ।

## साना तथा घरेलु उद्योगहरूको केही सम्भावनाहरू

**ग्रामीण भेगका सम्भावनाहरू :** ग्रामीण भेगका धेरैजसो स्थानमा कृषिजन्य उत्पादनका साना तथा घरेलु उद्योगहरूको बढी सम्भावना रहन्छ । यसमा स्थानीय स्तरमा रहेका स्रोत तथा साधनको

परिचालन हुने किसिमका उद्योग सञ्चालनको कार्यलाई कार्यान्वयनमा लग्दा फाइदाजनक हुनसक्छ । नेपालमा कृषि उत्पादनमा आधारित साना तथा घरेलु उद्योगहरूको पनि प्रशस्त सम्भावना रहेको छ । यसमा पर्ने उत्पादनहरूमध्ये मौरीपालन, बाखापालन, च्याउ खेती, रेशम खेती, माछापालन, बेमौसमी तरकारी खेती र दुध उत्पादनमा विशेष फाइदा पाउन सकिन्छ । हिमाली भेगमा चीजउत्पादन जस्ता उद्योगहरू सम्भावित हुन सक्दछन् । यसै गरी ग्रामीण भेगमा सीपमा आधारित उद्योगहरू पनि स्थापना गर्न सकिन्छ । यसमा ढाका बुनाइ, उनीको लत्ता कपडा बुनाइ, बाँस र निगालोका सामानको उत्पादन जस्ता उद्योगहरू फस्टाउन सक्दछन् । विशेषतः यस्ता उद्योग सञ्चालनका लागि सहकारीको अवधारणाले सहयोग पुऱ्याउन सक्छ भने बचत र ऋण समूहहरूले कर्जा प्रवाहमा विशेष सहयोग पुऱ्याउन सक्दछन् । ग्रामीण भेगमा उद्योग स्थापना गर्दा विशेष ध्यान उत्पादनको बजारीकरणलाई पनि दिनुपर्छ । उत्पादनलाई बजारसम्म ल्याउन सकिने व्यवस्थामा ध्यान पुऱ्याउन आवश्यक हुन्छ ।

**अर्धसहरी क्षेत्रका सम्भावनाहरू :** अर्धसहरी क्षेत्र धेरैजसो सहरी क्षेत्रको नजिकै स्थित हुन्छन् र यस्ता

क्षेत्रबाट उत्पादित वस्तुलाई बजारसम्म पुऱ्याउन अलि सहज हुन्छ । नेपाली लोक्ताबाट बनाइने कागजको नेपालभन्दा बाहिर निर्यातको ठूलो सम्भावना रहेको छ । त्यसैगरी नेपालमा हस्तकला उत्पादनको पनि ठूलो बजार रहेको छ। पर्यटन क्षेत्रको विकास सँगसँगै यस क्षेत्रको विकासको प्रशस्त सम्भावनाहरू रहेका छन् । यस क्षेत्रमा काम गर्नका लागि बजारको ठूलो खाँचो नरहन सक्छ । अर्धसहरी क्षेत्रमा साना तथा घरेलु उद्योग स्थापना गर्दा सहर क्षेत्रका बजारमा रहेको मागबारे जानकारी राख्न आवश्यक हुन्छ र त्यस्तै मागअनुसारको वस्तु उत्पादन गर्नुपर्छ । अर्धसहरी क्षेत्रमा जग्गा भएमा कृषिजन्य वस्तु या जमिन नभएमा सीपमा आधारित वस्तुहरू उत्पादन गर्न सकिन्छ ।

**सहरी क्षेत्रका सम्भावनाहरू :** विशेषतः सहरी क्षेत्रमा फस्टाएका केही उद्यमहरूमध्ये ब्युटी पार्लर, टेलरिङ्ग, कपाल काट्ने पसल रहेका छन् । यो उद्यमीको सीपमा आधारित उद्योगहरूका लागि उपभोक्ता धेरै चाहिने भएकाले सहरी क्षेत्रमा यस्ता उद्योगहरू बढी फस्टाएको पाइन्छ । साथै घरमा नै उत्पादन गर्न सकिने प्याकेज वस्तुहरू जस्तै अचार, मस्यौरा, तितौराजस्ता खाद्यान्नहरूको पनि बजार ठूलो रहेको छ । शहरी क्षेत्रमा यस्तो उद्योगहरूमा धेरैजसो महिला

उद्यमीहरू संलग्न भएको पाइन्छ । सहरी क्षेत्रमा उत्पादन गर्ने स्थानको अभाव हुने हुनाले सानो ठाउँ भएपनि पुग्ने स्वरूपको उत्पादनमा केन्द्रित भए कम खर्चमा बढी नाफा आर्जन गर्न सकिन्छ। सहरी क्षेत्रमा सीप सिक्नका लागि प्रशस्त तालिम केन्द्रहरू पनि हुने भएकाले जो कसैले पनि तालिम लिएर सीप हासिल गरेर उद्योग स्थापना गर्न सक्ने सम्भावना रहन्छ।

## जलविद्युतमा रहेका सम्भावनाहरू

उर्जाको अत्यन्त प्रभावकारी स्रोतहरूमध्ये जलविद्युत प्रमुख स्रोत हो । पानीलाई भण्डारण गरेर आफूलाई चाहेको समयमा उर्जा निकाल्न सकिने भएकाले पनि जलविद्युतलाई उर्जाको भरपर्दो स्रोतका रूपमा लिइन्छ । उर्जाका अन्य स्रोतहरूभन्दा जलविद्युत आर्थिक रूपमा र पर्यावरणीय हिसाबले पनि सस्तो र किफायती हुन्छ । उच्चस्तरको आर्थिक वृद्धिसँगै भारतमा अत्यन्त ठूलो परिमाणमा उर्जाको माग बढ्ने सम्भावना देखा पर्दैछ भने आपूर्तिचाहिं मागअनुसार तीव्र गतिमा वृद्धि हुन सकिरहेको छैन। उत्तर भारतमा मात्रै उर्जाको माग र आपूर्तिमा ४०,००० मेगावाटको अन्तर रहँदै आएकामा सन् २०३० सम्म पुग्दा यो अन्तर १,५०,००० मेगावाट पुग्ने अनुमान छ । यो नेपालका लागि सुनौलो अवसर हो । आर्थिक रूपमा

४२,००० मेगाबाटभन्दा बढी जलविद्युतको सम्भावना रहेको नेपालले उर्जाको निर्यात गर्ने ठूलो सम्भावना बोकेको छ। यसका लागि जलविद्युत उत्पादनका लागि वितरण गरिने लाइसेन्समा व्याप्त रहेको भ्रष्टाचार हटाउने र निजी क्षेत्रलाई विद्युत उत्पादनमा प्रवेश गराउने वातावरण बनाउने हो भने मात्र नेपालले आफ्नो सम्भावनाबाट पर्याप्त फाइदा लिनसक्छ।

## पर्यटन क्षेत्रमा रहेका सम्भावनाहरू

नेपालको आर्थिक विकासका लागि ठूलो सम्भावना बोकेको अर्कोक्षेत्र पर्यटन पनि हो। नेपाल प्राकृतिक सुन्दरताले भरिपूर्ण हुनु र उच्च आर्थिक वृद्धिले गर्दा छिमेकी देशका नागरिकहरू पर्यटनतर्फ उच्च सङ्ख्यामा आकर्षित भइरहेको अवस्था नेपालका लागि ठूलो अवसर हो । पर्यटन क्षेत्रमा जलविद्युतमा जस्तो लाभ/प्रतिफलका लागि लामो समय प्रतीक्षा गरिराख्नु पर्दैन । पर्यटन क्षेत्रबाट पर्याप्त लाभ लिन सके छोटो समयमा नै नेपालले गरिबी निवारण गर्न सक्छ। नेपालले वर्षमा १० लाख पर्यटक भित्र्याउनकै लागि कसरत गर्नु परिरहेको अवस्था छ । जबकि हङ्कङ्ले सजिलै वर्षको ४० लाख र मलेसियाले वर्षको २ करोड २० लाख पर्यटक भित्र्याइरहेका छन् । केही दशक अघिसम्म पनि मलेशिया जाने पर्यटकको सङ्ख्या करिब ७०,००० मात्र रहेको

थियो । यसबाट नेपालको पर्यटन क्षेत्रमा रहेको अथाह सम्भावनाको झलक पाउन सकिन्छ ।

नेपालको छिमेकी देश चीनबाट बाहिर जाने पर्यटकको सङ्ख्या सन् २०१० मा ५ करोड रहेको र यो सङ्ख्या सन् २०२० सम्ममा बढेर १० करोड पुग्ने अनुमान छ । त्यसैगरी भारतबाट बाहिर जाने पर्यटकको सङ्ख्या सन् २०२० सम्ममा ५ करोड पुग्ने अनुमान छ । यी दुई देशका बाहिर जाने पर्यटक सङ्ख्याको १० प्रतिशतलाई मात्र नेपाल भित्र्याउन सके पनि नेपालमा पर्यटक आगमनको सङ्ख्या १ करोड ५० लाख नाघ्नेछ, जुन नेपालका लागि पर्याप्त भन्दा पनि बढी सङ्ख्या हो ।

# सन्दर्भ सामग्री

Baumol, W. J., Litan, R. E. and Schramm, C. J. (2007). "*Good capitalism, Bad capitalism: and the economics of growth and prosperity*". (Yale: Yale University Press)

Norberg, J. (2003). "*In defense of global capitalism*". (Washington, DC: Cato Institute)

Shakya, S. (2009). "*Unleashing Nepal: Past, Present and Future of the Economy*". (New Delhi: Penguin Books)

Soto, H. De. (1999). "*The Mystery of Capital*".

Soto, H. De. (1989). "*The Other Path*". (Basic Books, New York)

"*Unleashing entrepreneurship: Making business work for the poor*". (UN's Commision on the Private Sector and Development)

International Property Rights Index. (2010)

United Nations University Policy Brief, Number 4. (2010)

Doing business report. (2012), World Bank and IFC.

# नेपाल उद्योग वाणिज्य महासंघ
## एक परिचय

**Vision :** "Leading the Nation's Economic Progress"

**Mission :** "Facilitating Nepalese Businesses Become Globally Competitive"

**स्थापना :** नेपालको निजी क्षेत्रको संघीय प्रतिनिधिमुलक संस्थाको रुपमा वि.सं. २०२२ साल ।

**उद्देश्यहरुः**

- मुलुकभरका उद्यमी व्यवसायीहरुको हक अधिकार संरक्षण गर्दै आर्थिक सामाजिक विकासको प्रवर्द्धनमा भूमिका निर्वाह गर्ने
- विश्व आर्थिक परिप्रेक्षमा हुने परिवर्तनलाई आत्मसाथ गरी खुला अर्थतन्त्रको विकासमा प्रभावकारी र सशक्त योगदान पुऱ्याउने
- राष्ट्रिय आर्थिक लक्ष्य प्राप्ति, राष्ट्रिय अर्थतन्त्रको स्वतन्त्र विकासका लागि उद्योग व्यवसायको विकासमा सर्वोच्च अंगको रुपमा काम गर्ने
- औद्योगिक सुसम्बन्ध कायम गर्ने दिशामा कार्यक्षेत्रमा रोजगारदाता र कामदार/कर्मचारीहरु बीचको सम्बन्ध सुमधुर बनाउने तथा रोजगारदाताहरुको हक अधिकार संरक्षणमा राष्ट्रियको अंगको भूमिका निर्वाह गर्ने ।

## महासंघका संस्थापक सदस्यहरु

- झापा उद्योग वाणिज्य संघ
- झापा उद्योग संघ
- मोरङ व्यापार संघ
- सुनसरी उद्योग वाणिज्य संघ
- सप्तरी उद्योग वाणिज्य संघ
- जनकपुर उद्योग वाणिज्य संघ
- नेपाल चेम्बर अफ कमर्स
- उद्योग वाणिज्य संघ-नारायणगढ
- पोखरा उद्योग वाणिज्य संघ
- स्याङ्जा जिल्ला उद्योग वाणिज्य संघ
- बुटवल उद्योग वाणिज्य संघ
- सिद्धार्थनगर उद्योग वाणिज्य संघ
- वागलुङ उद्योग वाणिज्य संघ

## हाल महासंघको सदस्य संख्या

- ७५ वटै जिल्लामा - ९२ जिल्ला/नगरस्तरीय उद्योग वाणिज्य संघहरू
- प्रमुख आर्थिक क्षेत्रहरूको प्रतिनिधित्व गर्ने – ८० वटा वस्तुगत संघहरू
- मित्र राष्ट्रहरू र नेपालबीचको आर्थिक व्यापारिक सम्बन्ध विस्तारका क्षेत्रमा कार्य गर्ने १० वटा द्विराष्ट्रिय उद्योग वाणिज्य संघहरू
- विभिन्न उद्योग प्रतिष्ठान, बैंक तथा वित्तिय संस्थाहरु गरी ४५३ वटा एसोसिएट सदस्यहरु
- अप्रत्यक्ष रुपमा महासंघबाट १ लाखभन्दा बढी औद्योगिक एवम् व्यावसायिक एकाइको प्रतिनिधित्व
- नेपाल सरकारपछिको दोस्रो ठूलो सञ्जाल

## महासंघको सचिवालय

टेकुस्थित आफ्नै सुविधासम्पन्न सचिवालय

## महासंघको जनशक्ति

विभिन्न क्षेत्रमा विशेषज्ञता हासिल गरेका विज्ञहरु समेत गरी १ सय जना कर्मचारीहरु

## महासंघको प्रतिनिधित्व

नेपाल सरकारद्वारा गठित विभिन्न समिति, परिषद, वोर्ड, फोरमहरु प्रतिनिधित्व ।

## अन्तर्राष्ट्रिय प्रतिनिधित्व एवं सम्पर्क विस्तार

- विश्वका सबै राष्ट्रियस्तरका उद्योग वाणिज्य संघहरूको अन्तर्राष्ट्रिय संस्था वाणिज्य संघ (ICC)
- साना तथा मझौला उद्यमहरूको विश्व संगठन (WASME)
- विकासोन्मुख देशहरूको ७७ समूह (G77)
- अन्तर्राष्ट्रिय रोजगारदाता संगठन (IOE)
- अन्तर्राष्ट्रिय श्रम संगठन (ILO)
- एसिया प्यासिफिक सेन्टर (APC)
- सार्क उद्योग वाणिज्य संघ (SCCI)
- एसियन ट्रेड प्रमोशन फोरम (ATPF)
- एसिया-प्रशान्त क्षेत्रका उद्योग वाणिज्य संघहरूको परिसंघ (CACCI)
- संयुक्त राष्ट्रसंघीय औद्योगिक विकास संगठन (UNIDO)
- अन्तर्राष्ट्रिय श्रम संगठन(ILO),
- संयुक्त राष्ट्रसंघीय व्यापार तथा विकास सम्मेलन/व्यापार तथा भन्सारसम्बन्धी सामान्य सम्झौता (UNCTAD/GATT)

- संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP)
- एसियाली उत्पादकत्व संगठन (APO)
- दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन सार्क (SAARC)
- भारत, चीन, जापान, यूरोपेली राष्ट्रहरु समेत गरी करिब तीन दर्जन देशहरुका राष्ट्रिय उद्योग वाणिज्य संघ/महासंघहरुसँग आपसी सम्बन्ध स्थापित ।

## सांगठनिक संरचना

- साधारण सभा
- कार्यकारिणी समिति
- स्थायी समिति सदस्य
- पदाधिकारी समिति (अध्यक्ष, निवर्तमान अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरु)
- विभिन्न समिति, फोरम, परिषद, समूह
- सचिवालय (महानिर्देशक)
- विभिन्न विभाग तथा शाखाहरु
- परियोजनाहरु

**थप जानकारीका लागि**

पचलि शहिद शुक्र एफएनसीसीआई मार्ग, टेकु
पो.ब. नं. :२६९, काठमाण्डौं, नेपाल
फोन नं. : (००९७७)-१-४२६२०६१/४२६२२१८/४२६६८८९
फ्याक्स नं. : (००९७७)-१-४२६१०२२/४२६२००७
ई-मेल : fncci@mos.com.np
वेबसाइट : http://www.fncci.org

# समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन
## एक परिचय

*समृद्धि, द प्रोस्पेरिटी फाउन्डेसन* गैर राजनीतिक, स्वतन्त्र, मुनाफा वितरण नगर्ने शैक्षिक तथा अनुसन्धान मूलक संस्था हो । काठमाण्डौस्थित यस फाउन्डेसनले सार्वजनिक नीतिहरूमा सन् २००८ देखि अध्ययन तथा अनुसन्धान गर्दै आइरहेको छ । यस संस्थाले एउटा समृद्ध र लोकतान्त्रिक नेपालको परिकल्पना गर्दछ जहाँ विधिको शासनको सम्मान गर्दै, अवसरहरूमाथि समान पहुँचसहित सबै नेपालीहरूले सम्मानजनक जीवनयापन गर्न सकून् । यसै परिकल्पनामा आधारित भई यस *समृद्धिले* आफ्ना कार्यक्रम तथा योजनाहरू तर्जुमा गर्दछ । तसर्थ, आफ्नो अवधारणालाई प्राप्त गर्नका लागि समृद्धिले तीन प्रमुख माध्यमहरू अबलम्बन गर्दछ :

- स्वतन्त्र अनुसन्धान तथा प्रकाशन
- शैक्षिक तथा तालिम कार्यक्रम
- बहस, पैरवी तथा सार्वजनिक सहभागिता

लोकतन्त्रको सुदृढिकरण र नेपालको आर्थिक वृद्धिमा केन्द्रित रही आफूलाई निरन्तर सक्रिय गराइरहेको यस संस्थाले अर्थ-राजनीतिक सन्दर्भका निम्नलिखित चार कार्यक्षेत्रका विषयहरूमा आफूलाई केन्द्रित गराई आफ्ना कार्यक्रमहरू सञ्चालन गर्दछ :

१) उद्यमशीलता विकास

२) व्यवसायिक वातावरणमा सुधार

३) आर्थिक नीतिमा सुधार

४) लोकतन्त्रका विषयमा छलफल तथा बहस

माथि उल्लेख गरिएका माध्यम तथा कार्य क्षेत्रहरुमा आधारित रही समृद्धिले गर्ने कार्यक्रमहरुको संक्षिप्त परिचय यस प्रकार छ :

## १) उद्यमशीलताको विकास

आर्थिक समृद्धिलाई आफ्नो प्रमुख मुद्दा बनाएको यस संस्थाले आर्थिक समृद्धि सम्भव बनाउने एक महत्वपूर्ण संयन्त्रका रूपमा उद्यमशीलतालाई पहिचान गर्दछ । विषेश गरी राष्ट्रका युवाहरूभित्र रहेको उद्यमशीलतालाई उजागर गर्नका निम्ति यस संस्थाले विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दछ ।

**अनुसन्धान तथा प्रकाशन** : *समृद्धिले* उद्यमशीलताका विषयमा खोज तथा अनुसन्धान गरी उद्यमीहरूका लागि उपयोगी हाते पुस्तक, विभिन्न पकेट बुक, छलफल पत्रहरू, लेखहरू, उद्यमशीलतालाई असर पार्ने नीतिहरूको विश्लेषण र उक्त विश्लेषणमा आधारित नीतिपत्रहरू लगायतका सामग्रीहरू प्रकाशन गर्दछ ।

**शैक्षिक तथा तालिम कार्यक्रम** : *समृद्धिले* शैक्षिक तथा तालिम कार्यक्रमहरूमा आफूलाई केन्द्रित गरी उद्यमशीलताको विकासमा आवासीय कार्यक्रम, छलफल कार्यक्रम, उद्यमशीलतासँग सम्बन्धित वृत्तचित्रको प्रदर्शनी, बजार तथा अर्थतन्त्रलाई प्रभाव पार्ने नीतिगत व्यवस्थाहरूमाथिको छलफललगायतका विभिन्न कार्यहरू गर्दछ ।

(क) अर्थालय : सन् २००९ देखि सञ्चालन भइरहेको यो कार्यक्रम अर्थतन्त्र तथा उद्यमशीलतासम्बन्धी पाँच दिने आवासीय विद्यालय हो ।

(ख) बुट क्याम्प : बुट क्याम्प त्यस्ता व्यक्तिहरूका लागि तयार पारिएको कार्यक्रम हो जो या त आफ्नै उद्यम सञ्चालन गर्ने क्रममा रहेका हुन्छन् या आफ्नो उद्यम वा व्यवसायको सुरुवातमा रही त्यसलाई अझ विस्तार गर्ने क्रममा रहेका हुन्छन् । त्यस्ता उद्यमशील व्यक्तिहरूलाई यस बुट क्याम्पमा व्यवसाय, व्यवसायसँग सम्बन्धित कानूनी तथा अन्य व्यवहारिक सल्लाहलगायत सीपहरूका बारेमा तालिम दिइन्छ ।

(ग) आर्थिक राजनीतिक स्रोतकेन्द्र : आर्थिक तथा राजनीतिक विषयहरूसँग सम्बन्धित १०,००० भन्दा बढी पुस्तक, प्रतिवेदन लगायतका अन्य प्रकाशनहरू र श्रव्य तथा दृश्य साम्रगीहरू रहेको यो स्रोत केन्द्र समृद्धिको कार्यालय परिसरमा रहेको छ ।

**बहस, पैरवी तथा सार्वजनिक सहभागिता** : यसअन्तर्गत उद्यमशीलता विकासमा समृद्धिले सफल उद्यमीहरूको सफलताको यात्राकथा सुन्दै उनीहरूको अनुभवबाट सिक्ने मौका प्रदान गर्नेजस्तो मासिक कार्यक्रम जस्तै "उद्यमीसँग महिनाको अन्तिम बिहिबार" विगत दुई वर्षदेखि निरन्तर सञ्चालन गर्दै आइरहेको छ । यसबाहेक २२ भन्दा बढी कलेजहरूमा उद्यमी क्लबहरू स्थापना गर्नेदेखि लिएर हरेक वर्ष "विश्व उद्यमशीलता सप्ताहका" अवसरमा नेपालमा *समृद्धिले* कार्यक्रमहरू गर्दै आएको छ ।

## २) व्यवसायिक वातावरणमा सुधार

विभिन्न अन्तर्राष्ट्रिय प्रतिवेदनहरूले वर्षेनी देखाएअनुसार नेपालमा व्यवसाय गर्ने वातावरण आर्थिक वृद्धिमुखी छैन । नेपालको आर्थिक विकासले गति समात्न नसक्नुका प्रमुख कारणहरूमा व्यवसाय गर्ने वातावरण सहज नहुनु नै मुख्य हो भन्ने कुरा पटकपटक प्रमाणित भइसकेको छ । तसर्थ, यस अवस्थामा सुधार ल्याउनका लागि समृद्धि निरन्तर प्रयासरत छ । यसका लागि *समृद्धिले* निम्नलिखित कार्यहरूमा जोड दिएको छ ।

**स्वतन्त्र अनुसन्धान तथा प्रकाशन** : व्यवसाय गर्ने वातावरणको सुधार गर्ने क्रममा आवश्यक पर्ने कार्यका बारेमा अनुसन्धान तथा प्रकाशन गर्ने कार्यअन्तर्गत यस संस्थाले यस विषयमा पुस्तकहरू, हाते पुस्तक, पाकेट बुक, छलफल पत्रहरू, लेख, प्रतिवेदन, सम्बन्धित नीतिहरूको विश्लेषण र उक्त विश्लेषणमा आधारित नीतिपत्रहरू लगायतका सामग्रीहरू प्रकाशित गर्दछ ।

**बहस, पैरवी तथा सार्वजनिक सहभागिता** : बहस, पैरवी तथा सार्वजनिक सहभागिता उच्च रहेको *समृद्धिका* कार्यक्षेत्रहरूमध्ये व्यवसायिक वातावरणको सुधार एक प्रमुख क्षेत्रका रूपमा रहेको छ । यसअन्तर्गत यस संस्थाले "गरी खान देऊ" जस्तो अत्यन्त सफल राष्ट्रिय अभियानको सचिवालय सञ्चालन गरिरहेको छ । यस अभियानले विधिको शासन, जीऊधनको सुरक्षा र आफूले रोजेको उद्यम वा व्यवसायमा स्वतन्त्रतापूर्वक लाग्न पाउने जस्ता तीन अवस्थालाई गरी खान पाउने देशको पूर्वावस्था मानी व्यावसायिक वातावरण सुधार गर्नुपर्ने कुरातर्फ जोड दिन्छ । यसबाहेक यस संस्थाले हरेक वर्ष आर्थिक विकास तथा

व्यवसायसँग सम्बन्धित विभिन्न तथ्याङ्कहरू पनि सार्वजनिक गर्नेकाम गर्दै आइरहेको छ । साथसाथै क्यानडाको फ्रेजर इन्स्टिच्युटले वार्षिक रूपमा प्रकाशन गर्ने विश्वको आर्थिक स्वतन्त्रतासम्बन्धी प्रतिवेदन तथा वासिङ्गटनस्थित प्रोपर्टी राइट एलायन्सले प्रकाशन गर्ने सम्पत्तिको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सूचकाङ्क तथा अन्य सान्दर्भिक प्रतिवेदन, लेख तथा तथ्याङ्कहरू *समृद्धिले* सार्वजनिक गर्दै आएको छ ।

## ३) आर्थिक नीति सुधार

आर्थिक वृद्धिको पूर्वावस्था भनेको आर्थिक वृद्धिलाई प्रोत्साहन गर्ने खालका नीतिहरू रहनु हो । तसर्थ, नेपालको आर्थिक वृद्धिका लागि यससँग सम्बन्धित नीतिहरूका बारेमा अध्ययन तथा अनुसन्धान गरी आवश्यक सुधारका पक्षहरूलाई पहिचान गरी त्यसका विषयमा पैरवी गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राखेर यस क्षेत्रमा *समृद्धि* कार्यरत छ । यस क्षेत्रअर्न्तगतका केही कार्यहरू यस प्रकार छन् :

**स्वतन्त्र अनुसन्धान तथा प्रकाशन** : नीतिगत सुधारको प्रक्रिया साधारणतया अध्ययन तथा अनुसन्धानबाट नै सुरु हुन्छ । *समृद्धिले* पनि आर्थिक वृद्धिसँग सम्बन्ध राख्ने नीतिहरूका विषयमा खोज तथा अनुसन्धान गर्दै आइरहेको छ र त्यसैअनुरूप पुस्तकहरू, हाते पुस्तक, पाकेटबुक, छलफल पत्रहरू, लेख, प्रतिवेदन, सम्बन्धित नीतिहरूको विश्लेषण र उक्त विश्लेषणमा आधारित नीतिपत्रहरू लगायतका विभिन्न प्रकाशन सामग्रीहरू प्रकाशन तथा वितरण गर्दै आइरहेको छ । “आर्थिक वृद्धि र निजी क्षेत्र” नामक सामग्री विज्ञहरूद्वारा विश्लेषण गरी लेखिएका नेपालका आर्थिक मुद्दाहरूसँग सम्बन्धित लेखहरूको सङ्ग्रह यसको एउटा उदाहरण हो ।

यसबाहेक नेपालको आर्थिक वृद्धिका विभिन्न पक्षहरूमा क्षेत्रगत अध्ययन तथा अनुसन्धानको कार्य पनि यस संस्थाले गर्दछ ।

**शैक्षिक तथा तालिम कार्यक्रम** : आर्थिक नीतिमा सुधारअन्तर्गत *समृद्धिले* नियमित रूपमा गर्ने केही शैक्षिक तथा तालिम कार्यक्रम निम्नलिखित रहेका छन् :

(क) नीतिशाला : सार्वजनिक नीति सम्बन्धी अध्ययन र छलफल गर्ने यो कार्यक्रम ६ दिने आवासीय कार्यक्रम हो ।

(ख) युवाहरूका लागि प्रशिक्षण (Intrenship) को अवसर : यस अन्तर्गत आर्थिक नीति सुधारका विषयमा अध्ययन गरी भविष्यमा यही क्षेत्रमा केही गर्ने चाहना भएका युवाहरुलाई *समृद्धिसँग* आबद्ध भई प्रशिक्षणमूलक कामहरु गर्ने अवसर दिइन्छ ।

**बहस, पैरवी तथा सार्वजनिक सहभागिता** : आर्थिक नीतिका विषयमा खोज तथा अनुसन्धान गरी पहिल्याइएका सुधारका पक्षहरूलाई नीति निर्माताहरूको ध्यानमा ल्याउनका लागि पैरवी तथा सार्वजनिक सहभागिताका क्रियाकलापहरू पनि समृद्धिले सञ्चालन गर्दै आइरहेको छ । यसअन्तर्गत तत्कालिक मुद्दाहरूबारे सम्बन्धित रहेर छलफल कार्यक्रम आयोजना गर्ने, वैकल्पिक नीति निर्माणका लागि नीति निर्माताहरूको ध्यान आकर्षित गराउनका लागि अन्तर्क्रिया तथा संवाद कार्यक्रमका माध्यमबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्जाल निर्माण गर्ने जस्ता कार्यक्रमहरू पर्दछन् ।

## ४) लोकतन्त्रका विषयमा छलफल तथा बहस

लोकतान्त्रिक मूल्य तथा मान्यतालाई आफ्ना कार्यक्रमहरूको मूलधारमा राख्दै *समृद्धि, द प्रोस्पेरिटि फाउन्डेसनले* एउटा समृद्ध तथा लोकतान्त्रिक नेपालको परिकल्पना गरेको छ । यस कारण लोकतन्त्रका विषयमा यस संस्थाले निरन्तर छलफल तथा बहसहरू सञ्चालन गराइ नै राखेको हुन्छ । यस संस्थाले आफूलाई संविधान निर्माण जस्तो ऐतिहासिक समयमा लोकतन्त्रका आधारभूत तत्वहरूलाई सार्वजनिक छलफल तथा बहसको केन्द्रमा ल्याउन "लोकतन्त्र भनेको..." नामक एक राष्ट्रिय अभियान सुरुवात गर्नुका साथै अन्तर्राष्ट्रिय स्तरमा ख्यातिप्राप्त पुस्तकहरूको नेपाली भाषामा अनुवाद र प्रकाशन गर्ने कार्यमा पनि सक्रिय गराएको छ । केही समयअघि संविधान गोलमेच भनी संविधानमा लोकतन्त्रलाई सबल रूपमा स्थापित गर्न ध्यान दिनुपर्ने मुद्दाहरूलाई अगाडि ल्याउने कार्य पनि यस संस्थाद्वारा भएको थियो ।

**थप जानकारीका लागि**


**समृद्धि, द प्रोस्पेरिटी फाउन्डेशन**
४१६, भिमसेनगोलामार्ग, मीनभवन खरिबोट
पोस्टबक्स नं. : ८९७३, एन. पि. सी. ६७८,काठमाडौं, नेपाल

फोन : (+९७७)-१-४४६ ४६१६, ४४८ ४०१६
फ्याक्स : (+९७७)-१-४४८ ५३९१
इमेल : info@samriddhi.org
वेबसाइट : www.samriddhi.org

# अन्य प्रकाशनहरु

1. Towards Enterprise Building in Nepal
2. Towards Enterprise Building in Nepal (Vol. II)
3. आर्थिक स्वतन्त्रता
4. बजारका गुणहरु
5. Role of Rule of Law in Enterprise Building
6. Role of Government in Enterprise Building (Vol. I)
7. Role of Government in Enterprise Building (Vol. II)
8. Economic Growth and The Private Sector of Nepal

उल्लेखित प्रकाशनहरु समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशनमा उपलब्ध छन् ।